| ११२ | १४ | नेटाखर्क हिटनटोला खा.पा. | Gravety | DWSSM/DWSS |
| ११३ | २ | देउराली जौवारी किर्तिपुर लिफ्ट खा.पा. | Gravety | DWSSM/DWSS |
| ११४ | २ | पावर खा.पा | Gravety | DWSSM/DWSS |
| ११५ | २ | सुखौरा खा.पा. | Gravety | DWSSM/DWSS |
| ११६ | २ | ढाव खा.पा. | Gravety | DWSSM/DWSS |
| ११७ | २ | गौरी शंकर खा.पा. वडाचौर | Gravety | DWSSM/DWSS |
| ११८ | २ | जुरेथुम निपाने खा.पा. | Gravety | DWSSM/DWSS |

| | | | | |
|---|---|---|---|---|
| ११९ | २ | जलुके अधेरी चलौजा खा.पा. | Gravety | DWSSM/DWSS |

## ५. शितगंगा नगरपालिकाको सरसफाइ तथा स्वच्छता अवस्था

### ५.१ घरधुरी सरसफाइ


यस भागमा प्रस्तुत गरीएका सबै तथ्यांकहरू शितगंगा नगरपालिकामा सबै घरधरीहरूमा गरीएको सर्वेक्षणबाट संकलन गरीएका प्राथमिक तथ्याङ्कहरू हुन्। जिल्ला खुल्ला दिसामुक्त भैसकेकोले शितगंगा नगरपालिका पनि खुल्ला दिसा मुक्त क्षेत्र घोषित नगरपालिका हो। यसकारण सैद्धान्तिक रूपमा शतप्रतिशत जनसंख्या मासरसफाइ को पहुच हुनुपर्छ तर अझै ठयाक्कै तेस्तो अवस्थामा भएको तलका प्रमाणहरूका कारण भन्न सकिदैन।




जम्मा घरधुरीमध्ये ३९८ घरधुरीमा पक्की ढल सुबिधा सहित सुधारिएका पक्की शौचालय छन्। अरु थप ६७३७ घरधुरीहरूमा सुधारिएका पक्की शौचालय त छन् तर यिनीहरू अन्य घरधुरीहरूसंग साझेदारीमा प्रयोग भैरहेका छन् साथै ७८६ घरधुरीहरूमा पक्कि तर माथी संरचना नभएका शौचालय भएको देखिन्छ। सरसफाइ तर्फको पहिलो प्राथमिकता शौचालय बीहीन ४३८ घरधुरीमा शौचालय बनाउने हुनुपर्छ र त्यस पछिको प्राथमिकता अस्थायी/कच्ची साझेदारी शौचालय भएका १६३ घरधुरीहरूमा सुधारिएका/पक्कि शौचालय बनाउनुपनेतर्फ हुनुपर्छ।

तलको चित्रले वडागत रूपमा चर्पी नभएका घरधुरीहरू र अस्थायी चर्पी भएका घरधुरीहरूको प्रतिशत देखाउछ। यहाँ चर्पी नभएका वा कच्ची चर्पी भएका घरधुरीहरू कसरी बराबरी अनुपातमा सबै वडामा बाडिएकाछन भन्ने देख्न सकिन्छ। समग्रमा शितगंगा नगरपालिका भित्रका ४३८ घरधुरीहरूमा चर्पी नभएको वा अस्थायी/कच्ची चर्पी भएको अवस्था छ।

वडा तहमा चर्पीको  अवस्था



| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पक्कि सझेदारी  चर्पी | | ३६ | | १२ | १ | १७ | ३ | ५९ | २ | | | ७ | | २६ |
| चर्पी नभएको | | ३ | | ५ | १८ | १ | ४५ | ९९ | ७६ | ७ | ९० | ९ | १ | ८४ |
| पक्कि दुइ खडे चर्पी | | १७ | | | | | १ | १ | | | | २६ | | १०५ |
| बायो ग्यास जडित | १ | ७ | | | | | | ३ | १४ | | | | | १७ |
| पक्कि एक खाल्डे | ५७१ | ५०८ | ५८० | ७६६ | ५५४ | २९५ | ७७० | ४२४ | ४६० | ३६८ | ३६८ | ५०१ | ३८४ | १८८ |
| सेफ्टी टंकी जडित | १ | ४३ | २ | ३ | | ३२० | १ | | | | ३ | १ | | २४ |
| पिट तह पक्कि | | २८८ | | २९ | ४९ | ६ | १ | ६८ | | | | ६ | ४७ | २९२ |
| भरियको चर्पी | | ६० | ७ | १९ | २२ | ५७ | १०२ | ४२ | ९७ | | ११० | ८९ | ७५ | ८० |

माथिको चित्रले वडागत रूपमा घरायसी शौचालयको अवस्था देखाउँछ, जहाँ वडा अनुसार चर्पी भए/नभएको, पक्की/कच्ची चर्पी, अरु घरधुरीहरूसंग साझेदारी गरीए/नगरीएको जस्ता तथ्याङ्कहरू देखाएकोछ ।

## ५.२ सुरक्षितरूपले व्यवस्थित सरसफाई

शितगंगा नगरपालिकामा सरसफाइ सेवाहरूको दिगो विकास लक्ष्यका परिभाषाहरू प्रयोग गरी मूल्याङ्कन गरीएको थियो । यहाँ यो उल्लेख गर्न जरुरि छ कि यस पालिकामा धेरै घर नसुधारिएको, सिमित र आधारभुत सुविधामा परेका छन् र सुरक्षित सुविधामा  स्तरोन्नती गर्नु पर्ने देखिन्छ । परिभाषाका लागि बक्स हेर्नुहोस ।

शितगंगा नगरपालिकाका प्रत्येक घरका आफ्नै स्थायी शौचालयका सन्दर्भमा पनि अब खाडल भरियो भने के गर्ने भन्ने बारे पनि सोच्ने समय आइसकेको छ, यद्यपी साच्चिकै खुला दिसा मुक्त हुन अझै काम गर्न बाकी छ । ग्रामीण सुमदायहरूको चुनौतीपूर्ण भौगोलिक अवस्थालाई हेर्दा दुई खाल्डे (डबल ) शौचालय निर्माण नै उत्तम समाधान हो । किनभने प्रत्येक घरधुरीहरू आफ्ना शौचालयहरू आफै सुरक्षित तबरले र सजिलै सँग खाडलहरू खाली गर्न सक्षम हुनुपर्छ । तर एउटा मात्र पिट भएको शौचालयमा खाडलमा भएको फोहोर कम्पोष्ट हुन पाएको हुदैन त्यसैले यो भरिएमा

सुरक्षितरुपले व्यवस्थित सरसफाई?

दिगो विकास लक्ष्यले 'सुरक्षित रूपले व्यवस्थित सरसफाई' लाई "सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पति स्थानमै, वा सुरक्षित रुपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यबस्थापन गरिएको' रुपमा परिभाषित गरेको छ। नेपालको सन्दर्भमा यो सामान्यतया डबल -पिट शौचालयहरूमा मात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोस्ट हुदै गर्छ जसले गर्दा  भरिएको पिट कच्चा रुपमानै फोहर निकालेर खालि गर्नु पर्दैन।


सर्भे गर्दा प्रायोग गरिएका अन्य परिभाषाहरु निम्नानुसार छन्

आधारभुत **Basic** : (पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको, एकल गड्ढे वा सेप्टिक टैंक भएका शौचालयहरु)

सिमित :**Limited** (पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको)

खाली गर्न गाह्रो हुन्छ । त्यसैले पूर्ण सरसफाइ कार्यक्रममा डबल खाडल (दुई खाल्डे) चर्पीलाई प्रर्बद्धन गर्ने पनि एजेण्डा हुनु पर्छ जसले गर्दा सबै घर परिवारलाई अर्को खाल्डो कहाँ खन्ने भनेर सोच्न प्रोसाहित गरोस ।

दिगो बिकास लक्ष्य अनुसार सरसफाई सुबिधास्तर





| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत | ५७२ | ५५१ | ५८२ | ७६९ | ५५४ | ६१५ | ७७१ | ४२४ | ४६० | ३६८ | ३७१ | ५०२ | ३८४ | २१२ |
| सिमित | | ३२४ | | ४१ | ५० | २३ | ४ | १२७ | २ | | | १३ | ४७ | ३१८ |
| खुल्ला दिसा | | ३ | | ५ | १८ | १ | ४५ | ९९ | ७६ | ७ | ९० | ९ | १ | ८४ |
| सुरक्षित ब्यबस्थापन | १ | २४ | | | | | १ | ४ | १४ | | | २६ | | १२२ |
| असुरक्षित | | ६० | ७ | १९ | २२ | ५७ | १०२ | ४२ | ९७ | | ११० | ८९ | ७५ | ८० |


## ५.३ पालिकामा पूर्ण सरसफाईको समग्र अवस्था

खुल्ला दिसामुक्त घोषणा गर्नु नै पूर्ण सरसफाइका लागि प्रवेश विन्दु हो । जब सबै सुचकहरू पुरा गरी ठीक छ भनी प्रमाणित भएमा पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्न सकिन्छ । जबकि निलो स्टिकर पाएको घरधुरीले पूर्ण सरसफाईको अभियानमा सहभागी भएको जनाउँछ भने, हरियो स्टिकर प्राप्त घरधुरी ले सबै सूचक पुरा गरेको हुन्छ । स्टिकर छैन भने यी घरधुरीहरू पूर्ण सुरसफाईको कुनै पनि कार्यक्रममा समावेश नभएको जनाउँछ ।

शितगंगा नगरपालिकामा, घरधुरी सर्वेक्षण प्रश्नावलीमा निम्न बमोजिमका ३ वटा अवस्थाहरूको प्रश्नहरू समावेश गरेर सर्वेक्षण गरीएको थियो ।

१. स्टिकर नभएको : (घरधुरी पूर्ण सरसफाइ अभियानमा समावेश छैन )
२. निलो स्टिकर : (घरधुरी पूर्ण सरसफाइ अभियानमा समावेश छ , तर सबै सूचक पुरा भएका छैनन् ।)
३. हरियो स्टिकर : (घरधुरीले पूर्ण सरसफाईका सबै सूचक पूरा गरेको )





| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सरसफाइको सबै सूचक पुरा भयको | | २३३ | २२९ | ४९६ | ३५५ | २५३ | ४ | | १ | १०१ | ४६ | १ | ३ | ७ |
| ससफाईको सबै सूचक पुरा नभएको | ५७३ | ७२९ | ३६० | ३३८ | २८९ | ४४३ | ९१९ | ६९६ | ६४८ | २७४ | ५२५ | ६३८ | ५०४ | ८०९ |


माथी चित्रमा देखाइए अनुसार जम्मा १७२९ घरधुरीमा मात्र पुर्ण सरसफाइ सुचक पुरा भएको देखिन्छ। पुर्ण सरसफाइ सुचक पुरा गर्न निकै कसरत गर्नुपर्ने देखिन्छ, सबैले सधै नियमित रूपमा शौचालयको प्रयोग गर्नु र सुरक्षित बानी व्यवहार अपनाउनु नै पूर्ण सरसफाईका लागि आधार हो, र यसैले यसमा सधै ध्यान दिनु पर्छ।

## ६. शितगंगा नगरपालिकाको संस्थागत खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था

सारांशमा प्रस्तुत गरीएका सबै तथ्याँकहरू प्राथमिक तथ्याङ संकलन गरी शितगंगानगरपालिका सवै सार्वजनिक स्थल, संस्थाहरू र विद्यालयहरू समावेश गरीएका छन् ।

जम्मा समावेश भएका नमुना ६ वटा सार्वजनिक स्थल, १८ स्वास्थ्य संस्थाहरू र १०६ शैक्षिक संस्थायहरू रहेका छन् । मन्दिर आमा समुह, युवा क्लब,वैंक, प्रहरी कार्यालय, सरकारी कार्यालय र सांस्कृतिक समुहहरूलाई सार्वजकि संस्थामा राखिएको छ । विद्यालयमा पनि ९० वटा आधारभुत विद्यालय, १ कलेज, १२ वटा उ.मा. बि र ३ वटा शिशु सरकारी सामुदायिक विद्यालयहरू छन् ।








| | आधारभूत | क्याम्पस | उच्च मा बि | बाल शिक्षा |
|---|---|---|---|---|
| Series1 | 90 | 1 | 12 | 3 |

## ६.१. संस्थागत खानेपानी सुविधा

खनेपानी सुबिधा मापन गर्न सर्वेक्षणमा निम्न बमोजिम दिगो विकास लक्ष्यका सुचकहरू प्रयोग गरीएको छ ।

- आधारभूतः सुधारिएको स्रोतबाट पिउने पानी उपलब्ध छ (सुधारिएको स्रोतः पाइपबाट पानी, सुधारिएको मूल, वर्षातको पानी संकलन)
- सिमितः यहाँ सुधारिएको स्रोत छ, तर सर्वेक्षणको समयमा पानी उपलब्ध छैन ।
- सेवा विहीनः कुनै पनि स्रोत वा सुधारिएको स्रोत नभएको





| | आधारभूत | सिमित | सेवा बिहिन |
|---|---|---|---|
| बिद्यालय | ५३ | ४३ | १० |
| सार्बजनिक स्थल | ३ | २ | १ |
| स्वास्थ्य चौकी | १० | ६ | २ |

चित्र ले जम्मा १३४ वटा संस्थाको समग्र खानेपानीको अवस्था देखाउँछ जसमध्ये विद्यालयको खानेपानी अवस्था राम्रो छ तर अझै सिमित सेवा (अर्को शब्दमा त्यहाँ खानेपानीको धारा छ, तर सर्वेक्षणको समयमा पानी उपलब्ध छैन) पाउने २३ विद्यालय छन् । लौरी सामुदायिक स्वास्थ्य केन्द्र र सिमलपानी स्वास्थ्य संस्थामा खानेपानी सुविधा उपलब्ध छैन ।

खानेपानीको सुविधा कायम राख्न संस्थागत व्यवस्थापन समिति र समूहको महत्वपूर्ण भूमिका हुन्छ, जस्तै केही खानेपानी योजनाहरू मर्मत संभार नहुँदा सिमित सुविधा भित्र पर्न गयो । तसर्थ प्राथमिकता सेवाविहिनका लागि हुनुपर्छ ।

## ६.२ संस्थागत सरसफाइ सुविधा

संस्थागत सरसफाइ सुविधा मापन गर्न यो सर्वेक्षणमा निम्न बमोजिम दिगो विकास लक्ष्यका सुचकहरू प्रयोग गरीएको छ ।





- आधारभूत : पर्याप्त पक्कि चर्पीको सुविधा, महिला पुरुष छुट्टै भएको र प्रयोग गर्न सकिने ।
- सिमित : पर्याप्त पक्कि चर्पीको सुविधा नभएको, महिला पुरुष का लागि छुट्टै कोठा छैन वा सर्भेक्षणको समयमा प्रयोग योग्य छैन ।
- सुविधा छैनः चर्पी छैन वा कच्चा चर्पी

पहिलो चार्ट ले विद्यालय तथा संस्थागत जम्मा १३४ वटाको समग्र सरसफाईको अवस्था देखाउँछ । भिन्न सुचकहरूको अवस्था बराबरीरूपमा सवै सुचकहरूमा बाँडिएको छ,। सवै संस्थामा शौचालयको सुविधा छ, जसमा ३३ वटामा आधारभूत सुविधा, १०० वटामा सिमित सुविधा छ भने एउटा सेवाबिहीनअवस्था देखिन्छ । यहां सिमित सुविधा भन्नाले, त्यहाँ पक्कि चर्पीको सुविधा भएको तर महिला पुरुषका लागि छुट्टै कोठा नभएको वा सर्भेक्षणको समयमा प्रयोग योग्य नरहेको अवस्था बुझाउँछ । अर्को शब्दमा भन्दा त्यँहा अध्ययन गर्ने, काम गर्ने वा भ्रमण गर्ने व्यक्तिहरूले सधैं शौचालय प्रयोग नगर्न नि सक्छन् भन्ने अवस्था देखिन्छ । हकबाहिनी आ. बि र दरबारे आ.बि मा शौचालयको व्यबस्था छैन ।
सरसफाइका सुविधा कायम राख्न संस्थागत शौचालय व्यवस्थापन समिति र समुहहरूको महत्वपूर्ण भूमिका हुन्छ, जस्तै केहि शौचालयहरू मर्मत संभार नहुँदा सिमित सुविधा भित्र पर्न गए । स्वास्थ्य संस्थामा विरामीले मात्र प्रयोग गर्न छुट्टै शौचालय हुनुपर्छ, स्वास्थ्यकर्मि, विरामी लगायत अन्य सवैले एउटै शौचालय प्रयोग गर्ने भएकाले सिमित सुबिधामा गणना गरीएको छ् ।

## ६.३ संस्थागत स्वच्छता सुविधा

स्वच्छता मापन गर्न यी स्थानहरूमा हात धुने सुविधासहितको स्थानलाई अवलोकन गरीएको छ । सुधारिएको खानेपानी तथा सरसफाइबाट पूर्ण रूपमा लाभान्वित हुनका लागि, स्वच्छता अनिवार्य छ । स्वच्छ रहनका लागि धेरै कुराहरू मध्ये साबुन पानीले हात धुने कुरा महत्वपूर्ण रहेको कुरा बैज्ञानिक हिसाबले प्रमाणित छ । यो सर्वेक्षणमा स्वच्छता सुविधा अवलोकन गर्दा निम्न बमोजिमका दिगो विकास लक्ष्यका सुचकहरू प्रयोग गरीएको छ ।


- आधारभूत : पानी तथा साबुन सहित हातधुने सुविधा उपलब्ध भएको ।
- सिमित : पानी सहित हातधुने सुविधा उपलब्ध भएको तर साबुन नभएको ।
- सेवा विहीन : हातधुने सुविधा उपलब्ध नभएको वा हातधुनको लागि पानी नभएको ।




स्वच्छताको अवस्था एकदम खराब रहेको छ, १०६ मध्ये १० वटा विद्यालयहरू मा सुविधा नै छैन ( हातुधुने सुविधा उपलब्ध नभएको वा यसमा पनि  पानीबिना हात धुने सुविधा उपलब्ध भएको) भन्ने अवस्था देखिन्छ । श्वास्थ्य चौकिको १८ ठाउँमध्ये, मात्र ११ संस्थामा आधारभूत  (पानी र साबुन सहित हातधुने ) सुविधा उपलव्ध छ । त्यस्तै ५२  ठाउँमा सिमित (पानी सहित हातधुने सुविधा उपलब्ध  भएको तर साबुन नभएको ) सुविधा छ

## ६.४ वातावरणीय सरसफाइको अवस्था


संस्थागत र सार्वजनिक व्यवस्थापनको अवस्था हेर्दा सवै भन्दा धेरै स्वास्थ्य संस्थाले, केही मात्रामा विद्यालयहरूले वर्गीकरण गरेर व्यवस्थापन तथा विसर्जन गर्ने गरेको देखिन्छ भने सार्वजनिक स्थलमा भने संकलन, व्यवस्थापन तथा विसर्जनको खास प्रवन्ध नरहेको देखिन्छ । तिनको विवरण निम्न अनुसार तालिका तथा चार्टमा प्रस्तुत गरीएको छ ।



## ६.५ महिनावारी स्वच्छता व्यवस्थापन अवस्था

विद्यालय, सार्वजनिक एवं स्वास्थ्य सँस्थागत सौचालयहरूको महिनावारी व्यवस्थापन सुविधाको बारेमा तालिकासहित उल्लेख गरीएको छ ।

महिनावारी सुबिधाको अवस्था Chart Title



| | महिनावारीको बेलामा चर्पी प्रयोग गर्न पाइने | चर्पीमा प्याद राख्न छुट्टै ढकन सहित डसबिन | चर्पी प्रयोग गर्न पाइने र छुट्टै डसबिन | इन्सिनेरेटर भएको | कुनै व्यवस्था | ब्यबस्थित डसबिन |
|---|---|---|---|---|---|---|
| बिद्यालय | 73 | 1 | 9 | 1 | 20 | 2 |
| सार्बजनिक स्थान | 5 | | | 1 | | |
| स्वास्थ्य चौकी | 10 | | 6 | | 1 | 1 |

# ७. खानेपानी, सरसफाइ  तथा स्वच्छता योजना

## ७.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच तथा परिलक्ष्य

नेपालमा वास क्षेत्रका मुद्दाहरू सम्बोधन गर्न एकीकृत  तथा अन्तरसम्बन्धित पद्धतिहरूलाइ मान्यता दिनु अवश्यक छ। वास क्षेत्रलाइ फराकिलो अर्थमा बुझ्दा संस्था, सङ्गठन, नीति र अभ्यास जसमा खानेपानीका स्रोतहरूको व्यवस्थापन, विविध जनसंख्या र उद्योगहरूका लागि खानेपानी सेवाहरूको प्रवाहसमेत समेटिन्छ । सेवामा पहुँच नपुगेकाहरू धेरैजसो दुर्गम र बिकट ठाउँमा रहेका आवादीमा वस्ने र सीमान्तकृत तथा सङ्कटापन्न समुदायहरू नै हुन, अथवा शक्ति, स्रोत र “वास” सेवाहरूलाइ सफलतापूर्वक हासिल गर्ने सीपमा कमी भएकाहरू पनि हन् । खानेपानी तथा सरसफाइ  सेवाहरूमा आम पहुंच सुनिश्चित गर्ने राष्ट्यि लक्ष्य प्राप्तिमा जे कारणहरूले छुटेका भए पनि ती जनसंख्याको खानेपानी तथा सरसफाइमा पहुंच हुनु अवश्यक छ ।

मानव विकासको लागि दिगो खानेपानी तथा सरसफाईका सेवाहरू सबैभन्दा शक्तिशाली चालक तत्वहरू हन् । तिनिहरूले अवसरको विस्तार, मर्यादामा वृद्धि र स्वास्थ्य सुधारको गुणात्मक चक्र सिर्जना र वृध्दिमा सहयोग गर्दछन । तसर्थ वास सेवा नपुगेको स्थानमा सेवाको बृद्धि र उपलब्ध सेवा तथा लाभहरूको प्रभावकारी उपयोगिता सुनिश्चित गर्नु नै प्रमुख लक्ष्य रहेको छ ।

### ७.१.१ दूरदृष्टि (सोच)

यस नगरपालिकामा बसोबास गने सबैका लागि जहां र जहिले पनि सुरक्षित, पर्याप्त, सर्वसुलभ, स्वीकार्य र किफायती खानेपानी तथा सरसफाईसेवाहरू मार्फत  जनस्वास्थ्य र जनताको जीवनस्तरमा सुधार ल्याउने ।

### ७.१.२ परिलक्ष्य (ध्येय)

प्रभावकारी, संवेदनशील, पारदर्शी र जबाफदही “वास” क्षेत्र हने छ । यस सोचलाइ साकार पार्न यस पालिका अन्तर्गत सञ्चालित एकल क्षेत्रगत विकास वास योजना र एकल “वास” कार्यसम्पादन प्रतिवेदनको अनुसरण गरीनेछ ।

माथि उल्लेखित दूरदृष्टि र परिलक्ष्य प्राप्त गर्न नगरपालिकाले नेपालको सम्विधान २०७२ ले दिएको अधिकार प्रयोग गरी विभिन्न नीति तथा नियमहरू बनाएर अगाडि बढनेछ ।

## ७.२ खानेपानी, सरसफाइ  तथा स्वच्छता योजनाको उद्देश्यहरू

यो वास योजनालाइ विभिन्न विषयगत शीर्षकहरूमा समेटिएको छ । यी विषय शीर्षकहरू यस योजनाका रणनैतिक उद्देश्यहरू हुन् र तिनले थप विस्तृतमा हरेक उद्देश्यका लागि कृयाकलापहरू, लक्ष्यहरू, सूचकहरू तथा लागत अनुमान समेत प्रस्तुत गरेका छन् । यो क्षेत्रगत विकास वास योजना प्रभावकारी, कुशल  र दिगो “वास” सेवाहरूको प्रवाह सुनिश्चित गर्ने एक रणनैतिक खाका हो । यस वास योजनाको मुख्य उद्देश्य निम्न अनुसार रहेका छन् ।

- वास सुशासन र प्रभावकारितामा सुधारका माध्यमबाट “वास” सेवाहरूलाइ सबैको पहुँचमा पुरयाउदै  सेवाको स्तरमा सुधार ल्याउने ।
- विद्यमान क्षेत्रगत मुद्दाहरू एवम भविष्यमा बिकसित हुन सक्ने परिदृष्यहरूको सम्बोधन गर्ने ।
- यस क्षेत्रको प्रभावकारी कार्यक्रम निर्माण एवम सुसङ्गत र सामञ्जस्यीय ढङ्गले कार्यान्वयन गर्नका लागि क्षेत्रगत प्राथमिकता र रणनीति स्पष्ट गर्दै क्रमशः क्षेत्रगत एकत्रीकरण गर्नु ।
- राष्ट्रिय प्राथमिकताहरू, रणनीतिहरू, मानकस्तरहरू एवम कार्यविधिहरूका तहमा सम्पूर्ण सरोकारवालाहरू लाइ प्रभावकारी “वास” सेवा प्रवाहको कार्यक्रम निर्माण एवम व्यवस्थापनका लागि मार्गनिर्दशन तथा अभिप्रेररित गर्ने ।
- सबै नागरीकहरू सम्म सुचारु र दिगो “वास” सेवाहरूको पहुँचको सुनिश्चितता गर्न क्षेत्र अवकास योजनासङ्ग तादात्म्य हुने गरी सक्षमकारी नीति, कानुनी एवम नियमनकारी खाका, सेवा प्रवाहको लागि स्पष्ट संस्थागत संयन्त्र, वित्तीय प्रबन्धहरू, क्षमता अभिवृध्दि, परिष्कृत समन्वय र कायासम्पादन अनुगमन पद्धति लागू गर्नु ।

## ७.३ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको समयाअवधि

यस वास योजनाको समयावधि २०७८ देखि २०८३साल अर्थात (ई २०२१-२०२५) सम्मको हुने छ र नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार पारिएको क्षेत्रगत विकास योजना (Sector Development Plan) का साथै विश्वब्यापी दिगो विकास लक्ष्यहरूसँग आवध्द छ । यो योजनालाइ तत्कालीन, मध्यकालीन र दीर्घकालीन गरी ३ चरणमा विभाजन गरीएको छ। यो एउटा रोलिङ्ग योजना हुनेछ र प्रत्येक तिन वर्षमा अद्यावधिक गरिनेछ ।


| अवधि | लक्ष्यहरू |
|---|---|
| तत्कालीन चरण (वि.सं. २०७९ सम्म) | • सरसफाइ सेवाको स्तरमा सुधार( सवै घरधुरी र संस्थाको आधारभूत सेवामा पँहुच )<br>• खानेपानी सेवाको स्तरमा सुधार (मध्यम १०० % जनसंख्या) |
| मध्यकालीन चरण ( वि.सं. २०८७९-२०८१ सम्म) | • सरसफाइ सेवाको स्तरमा सुधार( ४० % घरधुरीको सुरक्षित सुविधामा पँहुच )<br>• खानेपानी सेवाको स्तरमा सुधार ( मध्यम ४० % र उच्च ६०% जनसंख्या)<br>• कार्यक्षमता र दिगोपनामा सुधार |
| दीर्घकालीन चरण( वि.सं. २०८१-२०८२ सम्म) | • सरसफाइ सेवाको स्तरमा सुधार( ८० % घरधुरीको सुरक्षित सुविधामा पँहुच )<br>• खानेपानी सेवाको स्तरमा सुधार ( मध्यम ८० % र उच्च २०% जनसंख्या)<br>• प्रभावकारिता मुल्याङ्कन |

सेवा स्तर मापनका निम्ति पनि विशेषत खानेपानी क्षेत्रमा मुख्य दुई र सहायक पाँच गरी सात पारामिति (Parameter) तोकिएका छन् । मुख्य दुई आवश्यकता (Needs) र गुणस्तर (Water Quality) हुन् भने अन्य पाँचमा सुलभ पहुँच (Accessibility), विश्वसनियता (Reliability), लचकता (Resiliency), सेवाको दृढाङ्गता (Robustness) र वार्षिक सर्भेको आधारमा सेवा सन्तुष्टि (Service Satisfaction) स्तर हो । यी सवै मापदण्ड सहित खानेपानी क्षेत्रको सेवा स्तरको विस्तृत सूचकांक र सेवाको स्तर बर्गिकरण तालिका १.१ (Matrix Table) ले स्पष्ट पार्दछ । सरसफाइ क्षेत्रको सुविधा स्तरको विस्तृत बर्गिकरण तालिका १.२ (Matrix Table) ले स्पष्ट पार्दछ ।

## तालिका १.१: खानेपानी सेवा स्तरको वर्गिकरण

| पारामितिहरू | | सेवा स्तर | | | |
|---|---|---|---|---|---|
| | | निम्न स्तरीय | आधारभूत | मध्यम | उच्च |
| आवश्यकता (Needs) | परिमाण (L/P/D) | २५ — ४५ | ४५ — ६५ | ६५ — १०० | १०० — १५० |
| | स्वच्छता | संभव नभएको (जबसम्म मुहानमै अभ्यास गरिँदैन) | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता संभव हुने; नुहाई धुवाईमा अपुग | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित भएको; कपडा धुन र नुहाउन पनि सुनिश्चित हुने | सबै स्वच्छताका आवश्यकताहरू पुरा हुने |
| गुणस्तर (Water Quality) | | पिउन योग्य | राष्ट्रिय गुणस्तर मानक (ग्रामीण मापदण्ड) पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ। | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ |
| सुलभ पहुँच (Accessibility) | | २५% भन्दा कम उपभोक्ताले निजी धारा जडान गरेको | २५% भन्दा बढी उपभोक्ताले निजी धारा जडान गरेको | १०० % उपभोक्ताले निजी धारा जडान गरेको | १००% उपभोक्ताले निजी धारा जडान गरेको |
| विश्वसनीयता (Reliability) | वितरण अवधि (घण्टा/दिन) | | ८ (अधिक माग समयमा) | १२ (दिनको समयमा) | २४ (चौबीसै घण्टा) |
| | निरन्तरता (Continuity) | | एक महिनामा एक पटकसम्म रोकावट हुने | तीन महिनामा एक पटकसम्म रोकावट हुने | १२ महिनामा एक पटकसम्म रोकावट |
| लचकता (Resiliency) | | | अवरुद्ध सेवा २ दिन भित्र सुचारु हुने | अवरुद्ध सेवा १ दिन भित्र सुचारु हुने | अवरुद्ध सेवा १ दिन भित्र सुचारु हुने |
| सेवाको दृढाङ्गता (Robustness) | | | | प्रणालीले सेवाको मानकमा संझौता नगरी १० % सम्म अचानक श्रृजित माग धान्ने | प्रणालीले थप १० % अचानक श्रृजित माग धान्न सक्ने |
| सेवा सन्तुष्टि स्तर | | | | ७५% | ९० % |

### तालिका १.२ : सरसफाइ सुविधास्तरको वर्गिकरण




समग्रमा ५ वर्षे योजनाले मुलुक र यस पालिकाको वि.सं.२०८२ सम्म को दीर्घकालीन सोच साकार पार्नमा योगदान पुऱ्याउने छ । यस योजनाको कार्यान्वयनले निम्न लिखित "वास" उपलब्धिहरू द्वारा वास योजनाले लिएका उद्देश्य प्राप्ति गर्न गति दिने छ ।

- पानीजन्य रोगहरूमा कमी आउनेछ,
- विद्यालयमा पानी तथा सरसफाईका सुविधाहरूको पहुँच अभिवृध्दिले छात्राहरू विद्यालय बीचमा नै छोड्ने दरमा कमी आउनेछ,
- शिशु तथा बाल रुग्णता र मृत्यु दरमा कमी आउनेछ, र
- मानव विकास सूचकाङ्कमा बढोत्तरी हुनेछ ।

## ७.४. खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यान्वयन रणनीति

नगरपालीकाद्वारा तय गरीएका खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सम्वन्धी लक्ष्य पुरा गर्न नगरपालीका क्षेत्रमा भएका सरोकारवालाहरूको छरिएका प्रयासहरूलाई एकीकृत गर्नु नै यस योजनाको प्रमुख रणनिति हुनेछ । तसर्थ नगरपालिका क्षेत्रमा कार्यरत सम्पुर्ण सरोकारवालाहरूले आफ्नो कार्यक्रमको योजना तथा कार्यान्वयनका लागि तपसिलका रणनितिहरू अवलम्वन गरिनेछ ।

- नगरपालिकाका हाल सम्म पनि सुरक्षित खानेपानीको पहुँच नपुगेका जनसमुदायलाई सुरक्षित खानेपानीको सेवा उपलब्ध गराउने
- नगरपालीकाले खानेपानी तथा सरसफाईका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्नका लागि अपुग रकम व्यवस्थापनका लागि अन्य निकायहरू सँग समन्वयकारी भुमिका निर्वाह गर्ने ।
- स्थानीय सरकारको नेतृत्वमा कार्यक्रम सञ्चालन गरीनेछ ।

- वडाहरूले आफ्नो वार्षिक बजेट तय गर्दा खानेपानी तथा सरसर्फाका क्षेत्रमा कम्तिमा पनि विकास खर्चको १० प्रतिशत रकम विनियोजन गर्ने निति कार्यान्वयन गरिनेछ । तर योजनाहरूको मागका आधारमा रकम बढी पनि विनियोजन गर्न सकिने छ ।
- विद्यालय, सरकारी कार्यालय तथा संघसंस्था, राजनीतिक दलको कार्यालयमा बालमैत्री, लैंगिक तथा अपांगमैत्री चर्पी निर्माण तथा प्रयोगको सुनिश्चितता गरीनेछ ।
- सम्पूर्ण विद्यालयहरूमा अनिवार्य रूपमा यूरिनल सहितका शौचालय निर्माण गरीनेछ । माध्यामिक तहका बिद्यालयहरूमा महिनावारी स्वच्छता सामाग्री र व्यवस्थापन समेतको सुबिधा सुनिश्चित गरीनेछ ।
- सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरूको निर्माण गरी चर्पीमा सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिनेछ ।
- घरयासी चर्पी निर्माणको लागि सम्वन्धित घरपरिवारलाई नै जिम्मेवार बनाईने छ र त्यसको लागि कुनै प्रकारको आर्थिक अनुदान उपलब्ध गराइने छैन भने शारिरिक रूपमा अशक्त, अपाङ्गता भएका व्यक्ति र एकल महिलाहरूका लागि अनुगमन समितिको सिफारिसमा आर्थिक सहयोग उपलब्ध गराउने नीति लिईने छ ।
- चर्पी बनाउने आर्थिक हैसियत भएकाले पनि चर्पी बनाउन अटेर गरेमा नगरपालिकाबाट उपलब्ध गराउने सिफारिस तथा सहयोगहरू चर्पी नवनाउदासम्मको लागि स्थगन गरीनेछ ।
- सार्वजनिक शौचालय सन्चालनका सम्वन्धमा परम्परागत रूपको सशुल्क विधिमा पुनर्विचार गरी विभिन्न आय आर्जनका गतिविधिहरूसंग जोडिने छ जस्तै अगाडि पसल चलाउने र पछाडि सार्वजनिक शौचालय हुने वा गोवार ग्याँसप्लान्टमा जडान गर्ने आदि ।
- समुदायमा गोवरग्याँस, सुधारीएको चुल्हो, करेसाबारी, कम्पोष्ट पिट, जुठेल्नो, चाङ्ग (भाडा सुकाउने ठाउँ), खोर, भकारो आदिको निर्माण तथा प्रयोग, सम्पूर्ण घरपरीवारहरूमा प्रोत्साहित गराउने ।
- प्रत्येक वडाको कार्य योजनामा जलवायु परिवर्तनको प्रभाव, विपत न्यूनीकरण क्रियाकलाप तथा महिनावारी व्यवस्थापन सम्बन्धी मुद्धाहरूलाई पहिचान र सम्बोधन गरीनेछ ।
- सरोकारवाला तथा निकायहरूले पालिका स्तरीय खानेपानी सरसफाइ स्वच्छता रणनीतिसँग मेल हुने गरी आफ्ना कार्य योजना तथा क्रियाकलाप तर्जुमा गर्नु पर्नेछ ।
- जलवायु परिवर्तनका असरहरू कम गर्न जलवाय अनुकुलन योजनालाई विशेष प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।
- यो कार्ययोजनाको कार्यान्वयनको नियमित अनुगमन तथा आवश्यक परेमा परिमार्जन गर्ने समेत जिम्मा नगरपालीकाको हुनेछ ।
- नंया निर्माण हुने योजनामा खानेपानी सुरक्षा योजना लागु गरिनेछ तथा चालु योजनाहरूमा पनि खानेपानी सुरक्षा योजना वा व्यवस्थित मर्मत योजना बनाइ लागु गरिनेछ ।
- कार्ययोजनाले तय गरेका खानेपानी तथा सरसफाईका क्षेत्रको कार्ययोजना अनुसरका योजनाहरू कार्यान्वयनका लागि नगरपालिकामा वास शाखा गठन गरिनेछ । उक्त वास यूनिट अन्तर्गत एउटा सूचना केन्द्रको स्थापना गरीनेछ र सो सूचना केन्द्रमा सम्पूर्ण कार्यक्रम, सूचना तथा विवरणहरू अध्यावधिक गरीनेछ ।

- बजार र बजार उन्मुख क्षेत्रहरूमा उत्पन्न हुने ठोस तथा तरल फोहोर को Grading तथा ब्यबस्थापनका लागी उचित स्थानमा ल्याण्डफिल्ड क्षेत्र को निर्माण गरीनेछ ।
- खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि संरचनागत तथा सचेतनागत क्रियाकलापहरूको क्षमता अभिवृद्धिका लागि प्राथमिकता दिइने छ ।
- खानेपानी तथा सरसफाइ सेवाको दिगोपनाका लागि निजी संस्थाहरूको संलग्नतालाई समेत प्रोत्साहित गर्ने र वातावरण तयार गर्न नगरपालीकाले भुमिका खेल्ने छ ।
- नगरपालिकामा कम्तिमा पनि एक स्थानमा खानेपानी गुणस्तर मापन केन्द्र स्थापना गरिनेछ ।
- नगरपालिकामा खानेपानी तथा सरसफाइ कार्यक्रमका लागि एउटा छुट्टै कोषको स्थापना गरिनेछ । जसको संचालन नगरपालीका वास समन्वय समितिले गर्नेछ ।

## ७.५ खानेपानी गुणस्तर अवस्था

| प्रविधी | सुचारुपना | जम्मा | जाँच नगरिएको | इकोलीमुक्त | इकोलीयुक्त |
|---|---|---|---|---|---|
| लिफ्ट | सम्पन्न | १६ | १ | ६ | ९ |
| | क्तमागत | १४ | ७ | ५ | २ |
| ग्राभीटी | सम्पन्न | ५९ | १४ | २७ | १८ |
| | क्तमागत | २४ | ११ | ५ | ८ |

## ८.खानेपानी योजना ( पहिचान र प्राथमिकीकरण, निर्माण तथा स्तरोन्नति )

गुणस्तरीय र पर्याप्त मात्रामा खानेपानीको सहजै उपलव्धता मानिसका मौलिक अधिकार हुन । खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकासले व्यक्तिको स्वास्थ्य र स्वस्थ कामहरूमा सकारात्मक असर पार्दछ भने अन्य उत्पादनशील क्षेत्रको विकासमा मद्धत पुर्‍याउँदछ । सुरक्षित खानेपानी र स्वच्छताको राम्रो बानीले क्रमशः पानीजन्य रोगको नियन्त्रण र उक्त रोगको उपचारका लागि लाग्ने खर्चमा समेत कमी ल्याउँदछ । ग्रामीण क्षेत्रमा धेरैजसो रोगहरू दुषित खानेपानी र न्यून सरसफाईको कारणले गर्दा लाग्ने गर्दछन् ।

नेपालको संविधानले पनि खानेपानी लाइ मौलिक हकको रूपमा अंगिकार गरेको हुदा यस नगर पालिकामा बसोबास गने सबैका लागि जहां र जहिले पनि सुरक्षित, पर्याप्त, सर्वसुलभ, स्वीकार्य र किफायती खानेपानीका सेवाहरू मार्फत जनस्वास्थ्य र जनताको जीवनस्तरमा सुधार ल्याउने यस पालिकाको पहिलो प्राथमिकता रहेको छ । त्यसै अनुरूप विश्वव्यापि दिगो विकास लक्ष्य र नेपाल सरकार, खानेपानी मन्त्रालयले विकास गरेको क्षेत्रगत विकास योजनाको सुचक र सेवा स्तर मापनसंग आवद्ध रहेर खानेपानी योजनाहरूलाई कार्यान्वयन गरिनेछ ।

नगरपालिकाले विभिन्न सरोकारवालासंगको छलफल, सरसल्लाह र निर्णय र उपलब्ध श्रोत साधनको विश्लेषण गरी अति आवश्यक आयोजनाहरू वि.सं. २०७९ सम्म त्यसपछि वि.सं.२०८०-२०८१ र २०८१-२०८२ कार्यान्वयन गर्ने गरी वर्गीकरण गरेको छ । क्षेत्रगत विकास योजनाले परिभाषित गरेको ८० प्रतिशल जनताले उच्च स्तरको खानेपानी सेवा र बांकी २० प्रतिशत जनताहरूले मध्यम स्तरको खानेपानी सेवा वि.सं. २०८३ सम्म प्राप्त हुने गरी योजना तर्जुमा गरी कार्यान्वयन गरीनेछ ।

## ८.१. रणनीतिक कार्यहरू

- पहुंच नपुगेको घर वा बस्तीहरूको पहिचान गरी पालिकाभरि नक्सांकन गरीनेछ । जिपीएस प्रविधिको उपयोग गरी खानेपानीको सेवा पुगे नपुगेको बस्तीहरूको पहिचान गरी नक्सा तयार गरीनेछ । यो कार्यले सेवा नपुगेको दुर्गम र बिकट भौगोलिक धरातलका साथै सेवाबाट वञ्चित, सङ्कटापन्न समुदाय, शक्तिको कमी, स्रोत साधन र सीपहरूको कमी भएकाको पहिचान गर्न सघाउ पुयारउने छ । सेवाको पहंच नपुगेको जनसंख्याको तथ्याङ्क अनुगमन तथा मूल्याङ्कन बिषयक्षेत्र अन्तर्गत सङ्कलन गरिनेछ र क्षेत्रगत अनुगमन तथा मूल्याङ्कन प्रणालीसँग जोडिने छ ।
- अनुगमन तथा मल्याङ्कन क्षेत्रलाइ अद्यावधि गर्न बस्तीहरूको तथ्याङ्क जिपीएस प्रणालीद्वारा संकलन गरीनेछ खानेपानीका स्कीमहरूको अवस्थितिको तथ्याङ्क जिपीएस प्रविधिद्वारा अद्यावधिक गरिनेछ र सेवाको पहंच पुगेको र नुगेको क्षेत्रहरू छट्याइने छ यसो गदाा सेवाको पहुंच नपुगेको बस्तीहरूमा विशेष ध्यान दिइने छ ।
- खानेपानी स्कीमहरूको प्राथमिकीकरण पहंच पुगेको र नपुगेको सूचकाङ्कको अधारमा लगानी गर्नको लागि तयार गरिनेछ । लगानी योजनामा पहंच नपुगेको क्षेत्रलाइ प्राथमिकता दिइनेछ ।
- खानेपानी तथा सरसफाइ सेवाहरूलाइ समावेशी बनाउन सामाजिक बहिष्करणको विश्वासहरूमा परिवर्तन गरी समान पहंचको सुनिश्चिता गरिनेछ । दुर्गम र सामाजिक वहिष्करणमा परेका समुदायहरूलाइ प्राविधिक, संस्थागत, व्यवस्थापकिय र बजेट मार्फत सहयोग दिइनेछ र त्यस्तो सहयोग साधरण अवस्थामा भन्दा प्रति व्यक्ति लागत बढि भएका योजनाहरूमा समेत दिइनेछ ।
- सेवाहरूमा सुधारको लागि प्रावधानहरू तयार गरिनेछ न । वर्तमान प्रणालीहरूलाइ सेवाको स्तर अनुसार स्तरोन्नति गरिनेछ । नयां आयोजनाहरूमा मध्यम वा उच्च स्तरको सेवाको लागि प्राथमिकता दिइने छ । सेवा प्रणालीहरूमा सार्वजनिक र सामाजिक धारा जडानलाइ निरुत्साहित गरिनेछ , हालका प्रणालीहरूलाइ निजी धारा जडान प्रणालीको रूपमा स्तरोन्नति गर्नुका साथै नया अयोजनाहरूमा निजी धारा जडान गरिनेछ ।
- खानेपानीको सुविधाहरू सबै विद्यालय, स्वास्थ्य सेवा केन्द्र , सार्वजनिक संस्थाहरू र सार्वजनिक स्थल समेतमा पुरयाइने छ ।
- निर्माण सम्पन्न भइ सकेका र निर्माणाधीनका अलावा प्रस्तावित खानेपानी योजनाहरूमा खानेपानी सुरक्षा योजना लागु गरिनेछ । सुरक्षा योजना कार्यान्वयनका लागि अति आवश्यक खानेपानी गुणस्तर परीक्षणका लागि नगरपालिकाका कर्मचारीहरूलाई पानी गुणस्तर परीक्षण तालिममा सहभागी गराएर नगरपालिकामा नै पानी परीक्षणको व्यवस्था मिलाइनेछ ।

## ८.२. कार्ययोजनाः

| क्र. स | कृयाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण सहयोग |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाइ आयोजनाहरूको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने | एमवाससिसि | खा.पा.स.डि.का, दातृ निकाय, |
| २ | मर्मत संभार कार्यकर्ता लाई तालिम खानेपानी र सरसफाइ सम्बन्धी तालिम | एमवाससिसि | खा.पा.स.डि. |
| ३ | आयोजनाहरूको निर्माण, मर्मत संभार,विस्तार तथा स्तरोन्नती गर्ने (खानेपानी सुरक्षा योजना समेत लागू गर्ने) | पालिका, खा.पा.स.डि.का, खानेपानी उपभोक्ता समिति, दातृ निकाय | खा.पा.स.डि.का, खानेपानी उपभोक्ता समिति, दातृ निकाय |
| ४ | खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूलाई खानेपानी आयोजना व्यवस्थापन, खानेपानी सुरक्षा योजना, पानी सुद्धिकरण सम्बन्धी तालिम प्रदान गर्ने | एमवाससिसि | खा.पा.स.डि.का, विकास साझेदार |
| ५ | नगर, वडा, टोल, विद्यालय स्तरमा पानी शुद्धीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने | एम/वार्ड सिसि,विद्यालय | पालिका,विकास साझेदार, |
| ६ | व्यवसायीसँग समन्वय गरी पालिका स्तरमा वायो स्याण्ड फिल्टर उत्पादन तथा बिक्री वितरण गर्न पहल गर्ने | एम वास सिसि | पालिका, विकास साझेदार |
| ७ | विश्व पानी दिवस ( २२ मार्च) तथा राष्ट्रिय सरसफाइ सप्ताह (५ देखि ११ जुन) विशेष कार्यक्रम गरी मनाउने | एम/वार्ड वास सिसि,विद्यालय, खासउस, | पालिका,फेडवासन, विकास साझेदार |
| ८ | खानेपानी आयोजनाका लागि जगेडा पार्टपुर्जाहरू स्थानीय बजारमा सहज उपलब्धता गराउने | एम/वार्ड वास सिसि,खासउस | स्थानिय व्यापारी,फेडवासन |

### अपेक्षित उपलब्धिहरू

उपलब्धि नं. १ सम्पूर्ण नगरपालिकावासीहरूलाई सुरक्षित खानेपानीको महत्व वारेमा जानकारी भै पानीको उपभोगमा सर्तकता अपनाएका हुनेछन्

उपलब्धि नं.२ नगरपालिकामा विभिन्न निकायहरूबाट निर्माण भै सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूको नियमित मर्मतसंभार तथा गुणस्तर सुधार र सेवा विस्तार भएको हुनेछ ।

उपलब्धि नं. ३ हाल सम्म खानेपानी आायोजनाहरू नपरेका क्षेत्रहरूमा प्राथमिकता दिई नयाँ (लघु) आयोजनाहरू निर्माण भएको हुनेछ ।

उपलब्धि नं. ४ श्रोत संरक्षणका कार्यक्रमहरूलाई जलवायु परिवर्तन एवं जलाधार संरक्षणका क्षेत्रका कार्यक्रमहरू सँग एकिकृत गरी सञ्चालन भएको हुनेछ ।

उपलब्धि नं. ५ निर्माणाधिन तथा अब बन्ने नयाँ आयोजनाहरूमा पानी प्रशोधन प्रणाली सहित निजी धारा वितरण गर्ने गरी आबश्यक संरचनाहरू निर्माण भएको हुनेछ ।

उपलब्धि नं. ६ खानेपानी योजना उपभोक्ता समितिहरूको संस्थागत क्षमता अभिबृद्धि भई खानेपानी योजनाको सुचारूपन कायम भएको हुनेछ ।

## ८.३. खानेपानी योजना प्राथमिकिकरण

यस वास योजनामा प्रस्ताव गरीएका योजना तथा कार्यक्रम संचालनका लागि तपसिलका आधारहरूमा प्राथमिकीकरण गरीएको थियो ।

- विद्यमान खानेपानी योजनाको भौतिक अवस्था
- पानीको उपलब्धता
- पानीको पर्याप्तता
- पानी लिन जांदा आउदा लाग्ने समय
- पानीको गुणस्तर
- श्रोतको सुनिश्चितता
- अति विपन्न र पछाडि पारिएका वर्गको वासस्थान

### ८.३.१. नयां खानेपानी योजनाहरू

धेरै ठूलो लागत आवश्यक पर्ने र त्यस किसिमका योजना सञ्चालन गर्नका लागि सहयोगी तथा दातृ निकायको पहिचान गरिनेछ । नयाँ खानेपानी योजनाहरू पहिचान गर्दा वडास्तरीय योजना तर्जुमा गोष्ठीबाट प्राप्त खानेपानी योजनाहरूको सूचीलाई पालिका स्तरको गोष्ठीमा प्रस्तुत गरी पारित गर्ने र प्राथमिकता तोक्ने प्रकृया अपनाइनेछ । पालिका स्तरीय गोष्ठीबाट प्रस्तावित खानेपानी योजनाहरूको सूची यस प्रकार रहेको छ ।

तालिका २: प्रस्तावित नयाँ खानेपानी योजनाहरूको विवरण

| क स | कृयाकलाप/ योजना | वडा नं | टोल | घरधुरी | जनसंख्या | योजनाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | हल्दे खा.पा | १ | घाट सुकौरा | १० | १०० | ग्राभिटी | |
| २ | लिब्दी खा पा | १ | लिब्दी | ५ | ५० | ग्राभिटी | |
| ३ | घर्तीश्वारा गोदाना खा.पा | १ | घर्तीश्वारा | ७० | ३५६ | ग्राभिटी | |
| ४ | उपल्ली खण्ड उपल्ला गाउँ | १ | उपल्ली खण्ड | ७० | ३५० | ग्राभिटी | |
| ५ | शब्दु खा.पा | २ | शब्दु | १५ | ६५ | ग्राभिटी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | जलुके खा पा | २ | जलुके,चलौजा | २५ | १२८ | ग्राभिटी | |
| ७ | भिर्राथुम खा पा | २ | भिर्राथुम | २५ | १२८ | लिफ्ट | |
| ८ | दमार खापा | २ | दमार,एकराते | २६ | १३० | लिफ्ट | |
| ९ | सुपा खा पा | २ | सुपा | १४ | ७० | ग्राभिटी | |
| १० | थामकोट खा.पा | ४ | थामकोट | ४५ | २६० | ग्राभिटी | सम्पन्न |
| ११ | पात्ले खा पा | ४ | चाक्ला छेडा | ६० | २५० | ग्राभिटी | |
| १२ | सिउडेनी खा पा | ४ | सिउडेनी | ४० | २०० | ग्राभिटी | |
| १३ | हार्थिढुङगा खा पा | ४ | हार्थिढुङगा | ४५ | २२० | ग्राभिटी | |
| १४ | गोर्जियु खा पा | ४ | गोर्जिथुम | ४५ | १६० | लिफ्ट | |
| १५ | बेहोरेखोला गोर्जिथुम | ४ | गोर्जिथुम | | | ग्राभिटी | |
| १६ | ओखती गंगाखोला खा.पा. | ४ | ओखती | | | ग्राभिटी | |
| १७ | चोलो रंगाउने सिउडेनी खा.पा. | ४ | सिउडेनी | | | ग्राभिटी | |
| १८ | चिदीपधेरा जस्रामे खा.पा. | ४ | सिउडेनी | | | ग्राभिटी | |
| १९ | सौरका रुख ओखलढुङ्गा खा.पा. | ४ | सौरका रुख | | | ग्राभिटी | |
| २० | छेडा चिदी खा.पा. | ४ | छेडा | | | ग्राभिटी | |
| २१ | भेडामारा खा.पा. | ४ | भेडामारा | | | ग्राभिटी | |
| २२ | सल्लीकोट खा.पा | ४ | सल्लीकोट | | | ग्राभिटी | |
| २३ | बतास कल्लेरी खा पा | ५ | कल्लेरी | ५० | ३०० | ग्राभिटी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | लिव्दीखोला लटेडाडा खा.पा. | ५ | लटेडाडा | २२ | १२४ | ग्राभिटी | |
| २५ | कालिमाटी खोला कालिमाटी खा.पा | ५ | कालिमाटी | २७ | १३७ | ग्राभिटी | |
| २६ | ठुला ढुङ्गे ठुला पधेरा खा.पा | ६ | ठुलाढुङ्गे | ७५ | ३०० | ग्राभिटी | |
| २७ | थालेवारी साज रुख खा पा | ६ | दानसीङ | १५० | ६०० | लिफ्ट | |
| २८ | ईन्द्र खा पा | ६ | खमारी | २० | १०० | ग्राभिटी | |
| २९ | देउराली फुर्सामाटा खा पा | ६ | देउराली फुर्सामाटा | ३५ | १४० | लिफ्ट | |
| ३० | साप्रे गोल्डुङ्ग खा पा | ६ | गोल्डुङ्ग | ७० | २८० | ग्राभिटी | |
| ३१ | कोच्चो खा पा | ६ | धनचौर | २० | १७० | ग्राभिटी | |
| ३२ | कुन्टी टावर टोल खा.पा. | ६ | कुन्टी टावर | ६५ | ३४० | ग्राभिटी | |
| ३३ | रत्ने कलमकोट खा.पा | ६ | कलमकोट | ६० | ३८० | ग्राभिटी | |
| ३४ | कोइवाङ्ग लिफ्ट् खा.पा. | ६ | कोइवाङ्ग | ३५ | १५९ | ग्राभिटी | |
| ३५ | लामादिप खा.पा | ६ | लमादिप | २५ | १३४ | ग्राभिटी | |
| ३६ | देउराली खा पा | ६ | खमारी | १०० | ४०० | ग्राभिटी | |
| ३७ | खमारी खेत खा पा | ६ | खमारी | २० | १०० | ग्राभिटी | |
| ३८ | चीदी खा पा | ६ | कलमकोट | ६५ | २६५ | ग्राभिटी | |
| ३९ | करङखोला चिसापानी सानाढुङग्रे खा पा | ६ | चिसापानी सानाढुङग्रे | ६० | २०० | ग्राभिटी | |
| ४० | कोट, राम्चे,स्वामीनेटा खा पा | ७ | कोट, राम्चे,स्वामीनेटा | १५० | ५०० | लिफ्ट | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४१ | हाडे स्याला खा पा | ७ | हाडे स्याला तिमले | १५० | ५०० | ग्राभिटी | |
| ४२ | सुखौरा खा पा | ७ | सुखौरा थक्लेनी बाटुले | ५० | १६० | लिफ्ट | |
| ४३ | थाकल्यानी खा पा | ७ | थाकल्यानी,खुर्सानी थरी | २० | १२० | ग्राभिटी | |
| ४४ | बडीदमार खा.पा | ८ | बडीदमार | ३०५ | १६०० | ग्राभिटी | |
| ४५ | आपचौर डम्रेर्खक खा घघपा | ८ | आपचौर | २५० | १२०० | ग्राभिटी | |
| ४६ | दक्सु विहार खा पा | ८ | दक्सु विहार | १०३ | ४५० | ग्राभिटी | |
| ४७ | हात्तीढुङगा खा पा | ८ | हात्तीढुङगा | ७२ | ३६० | ग्राभिटी | |
| ४८ | सीलिङ खोला खा.पा | ९ | तल्लो माथिल्लो सीलीङखोला | ९५ | ३५० | ग्राभिटी | |
| ४९ | धौखाला वसेनी दमार खा पा | ९ | धौखाला वसेनी दमार | ९२ | ३४० | ग्राभिटी | |
| ५० | असारे विसमुरे खा पा | ९ | असारे विसमुरे | ३५ | १५० | ग्राभिटी | |
| ५१ | रागाकाटे र खा पा | ९ | रागाकाटे | २८ | १३९ | ग्राभिटी | |
| ५२ | काल्धारे खा पा | ९ | काल्धारे | ३५ | १६० | ग्राभिटी | |
| ५३ | लमिदमार खा पा | ९ | लमिदमार | ४० | २०० | ग्राभिटी | |
| ५४ | काताचौर खा पा | ९ | काताचौर | ३४ | १७० | ग्राभिटी | |
| ५५ | रातामाटा गंगटे मिठीआप खा पा | ९ | रातामाटा गंगटे मिठीआप | ३१ | १८० | ग्राभिटी | |
| ५६ | आक्काजे खा पा | ९ | आक्काजे | ३६ | १८५ | ग्राभिटी | |
| ५७ | तल्लो छहरे खा पा | ९ | तल्लो छहरे | २८ | १४० | ग्राभिटी | |
| ५८ | ढाङखोला करमगैरा खा पा | ९ | ढाङखोला करमगैरा | ४५ | २०० | ग्राभिटी | |
| ५९ | सिज्ते खा पा | ९ | सिज्ते | २२ | १६५ | ग्राभिटी | |
| ६० | चिदीचौर खा पा | ९ | चिदीचौर | १५ | ६० | ग्राभिटी | |
| ६१ | खारघाट खा.पा. | ९ | खरघाट | २० | ६७ | ग्राभिटी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६१ | हर्रे खा.पा | १० | हर्रे | ८० | ४२० | लिफ्ट | |
| ६२ | तल्लो सामकोट खा पा | १० | तल्लो सामकोट | ४० | २०० | ग्राभिटी | |
| ६३ | बर्रे खा पा | १० | बर्रे | १०० | ५०० | लिफ्ट | |
| ६४ | काठेखोला खा पा | १० | काठेखोला | २५ | १२० | ग्राभिटी | |
| ६५ | उनाय पातल राक्से | १० | एनाय | २५ | १२५ | ग्राभिटी | |
| ६६ | मौवाबारी खा.पा | ११ | मौवाबारी | ८० | ४३० | ग्राभिटी | |
| ६७ | दुम्सी खा पा | ११ | कात्तिके, सुपारी,सिम्ले,कटौजे, अक्कासे, बाके, ढोडेनी, बर्रापाटा दमार, लामिदमार, घैयारी, डोहोटे | ७३ | ३७९ | ग्राभिटी | |
| ६८ | फोर्सल विरौटा घैयारी खा पा | ११ | फोर्सल बिरौटा घैयारी | ३५ | १७५ | ग्राभिटी | |
| ६९ | लुग्री, आपँखोला खा पा | ११ | लुग्री आपँखोला, | ११२ | ५१२ | ग्राभिटी | |
| ७० | चावदिप खा पा | ११ | खर्क चिउरीदमार गाईघाट | ३३ | २५० | ग्राभिटी | |
| ७१ | दोबाटा खा. पा. | ११ | दोबाटा | ४५ | २४० | ग्राभिटी | |
| ७२ | बेल्दमार चाबेनेटा खा.पा | ११ | बेल्दमार | ४० | २३२ | ग्राभिटी | |
| ७३ | जावुनेवास खा. पा. . खा.पा | ११ | जावुनेवास | २५ | १२५ | ग्राभिटी | |
| ७४ | खयरभट्टी लिफ्ट खा.पा | ११ | खयरभट्टी | ७० | ३५० | लिफ्ट | |
| ७५ | कुडापानी कोठिया मैदान खा पा | १२ | कोठीयामैदान | ३५ | १६० | ग्राभिटी | |
| ७६ | रानीवासे धौलेटाक’रा | १२ | दरबारे धौलेटाकुरा | ३५ | १५० | ग्राभिटी | |
| ७७ | | | | | | | |
| ७८ | बसेरी डोहोटे खा पा | १२ | डोहोटे, तारीके र पिरापानी | ३६ | १५० | ग्राभिटी | |
| ७९ | कोन्द्रे पिरापानी हरीओम | १२ | पिरापानी | ५५ | २५० | ग्राभिटी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खोला दरवारे खा.पा. | | | | | | |
| ८० | कुडुले डोहोटे खा.पा. | १२ | कुडुले डोहोटे | ३५ | १५० | ग्राभिटी | |
| ८१ | पाल्लेपानी घसेनी खा.पा. | १२ | पाल्लेपानी | २८ | १२१ | ग्राभिटी | |
| ८२ | मुल ढुङ्गे खा.पा. | १२ | मुल ढुङ्गे | २५ | १७५ | ग्राभिटी | |
| ८३ | जयकोट खा.पा. | १२ | जयकोट | १० | ६५ | ग्राभिटी | |
| ८४ | कुडापानी कोठिया मैदान खा.पा. | १२ | कुडापानी | ३७ | २०० | ग्राभिटी | |
| ८५ | आपसोती खा.पा | १२ | आपसोती | २२ | १३२ | ग्राभिटी | |
| ८६ | पिरापानी हरीओम खोला दरवारे खा.पा | १२ | पिरापानी | ४० | २१२ | ग्राभिटी | |
| .८७ | निपाने खा.पा. | १२ | निपाने | १२ | ५४ | ग्राभिटी | |
| ८८ | वेताने जौवारी खा पा | १३ | जौवारी | ८० | १५० | लिफ्ट | |
| ८९ | सिस्ने गोव्रेपानी खा पा | १३ | गोव्रेपानी | १०० | ११० | लिफ्ट | |
| ९० | जुकेपानी पाल्लेपानी खा पा | १३ | पाल्लेपानी | १०० | १५० | ग्राभीटी | |
| ९१ | छहरा दह सिमलपानी खा पा | १३ | सिमलपानी | १६० | १६० | ग्राभीटी | |
| ९२ | बडरे गोब्रेपानी खा पा | १३ | गोब्रेपानी | ११० | ११० | ग्राभीटी | |
| ९३ | जहराता डाडा | १३ | कल्लेरी वोखर | ८० | १०० | ग्राभीटी | |
| ९४ | बेतानेदह नेटाखर्क सल्यान धारा | १३ | दह नेटाखर्क | ८५ | ५० | ग्राभीटी | |
| ९५ | हल्दे थरी खा.पा | १४ | खोरमोर | ६० | ३५० | ग्राभीटी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९६ | ढाव खा पा | १४ | ढाव | ३५ | २१० | ग्राभीटी | |
| ९७ | पावर खा पा | १४ | पावर | १०० | ५०० | ग्राभीटी | |
| ९८ | गन्दी खा पा | १४ | गन्दी | ८० | ४०० | ग्राभीटी | |
| ९९ | करेचुली खा पा | १४ | करेचुली | ८० | ४५० | ग्राभीटी | |
| १०० | विक्रम खा पा | १४ | विक्रम | १७० | १०५० | ग्राभीटी | |
| १०१ | भालुखोला खा पा | १४ | कभुमघार | ५० | १३५ | ग्राभीटी | |
| १०२ | काउले खा पा | १४ | काउले गन्दी | ५० | १४० | ग्राभीटी | |
| १०३ | लेवासे खा.पा | | . लेवासे | ४० | २४२ | ग्राभीटी | |
| १०४ | राजीफाट खा.पा. | | राजीफाट | १० | ५५ | ग्राभीटी | |
| १०५ | ठाडा खानेपानी योजना | ३,४ र १२ | खर्सका,दह,साउटोला,बर्वोट,सानादह, अमराइ,गोर्जिथुम,कोप्चेबास,भेडामारा,चाक्ला,रजीया,देउराली,घसेनी | ८१० | ३१५० | ग्राभीटी | |
| १०६ | दुन्दुरे खा.पा. | ५र ६ | करापु,डोटेखर्क,थारपाइला,गल्दा,जुकेना,कल्लेरी,सीवादह,दानसीङ,ढुङग्रे,खखमारी,कल्लेरी | १२०० | ६००० | ग्राभीटी | |

## ९.सरसफाइ तथा स्वच्छता योजना

### ९.१. परिकल्पना

शितगंगा नगरपालीकाबासीहरूले खानेपानी,सरसफाइ र स्वच्छता सम्बन्धी आवश्यक संरचनाहरूको निमार्ण तथा व्यवस्थापन गरी सरसफाइयुक्त स्वस्थकर आनीबानी अपनाउदै सफा, स्वच्छ हरायलीमय पूर्ण सरसफाइ उन्मुख अवस्थाको विकास गरी सहज, स्वस्थ, समृद्ध र आत्मसम्मानयुक्त जीवन यापन गरीरहेका हुनेछन् ।

### ९.२. औचित्य

मानव मलमुत्रको सुरक्षित विसर्जनका लागि सेवा र सुविधाहरूको व्यवस्थालाई सरसफाइ भनिन्छ । जनस्वास्थ्य र प्रतिष्ठा प्रवर्द्धनका लागि गरीएका विभिन्न स्वस्थकर क्रियाकलापहरूको समग्र कार्य एवं प्रकृया सरसफाइ हो । साथै जोखिमपूर्ण अवस्था (खाना खानु अघि, खाना खाएपछि, दिसा गरेपछि, विरामीको हेरचाह एवं बच्चाको दिसा,गाईबस्तुको मलमुत्र व्यवस्थापन गरपछि) साबुन पानीले हात धुने

र चर्पी निर्माण, प्रयोग तथा यसको मर्मतसंभार मात्र नभइ व्यक्तिगत, घरायसी र वातावरणका साथै मानिसको बानी व्यवहार परिवर्तन समेट्दछ ।

हाल सामाजिक अभियानको रूपमा सञ्चालित खुला दिसामुक्त अवस्थाका उपलब्धिहरूलाई दिगो रूप दिंदै सरसफाईका अन्य सुविधाहरूको निर्माण, प्रभावकारी सञ्चालन गरी सफा र स्वच्छता कायम गर्न सार्वजनिक र निजी क्षेत्रको सुदृढ साझेदारीमा ग्रामीण र सहरी क्षेत्रमा सरसफाइ र स्वच्छताको निरन्तरताको लागि प्रभावकारी रूपमा संस्थागत क्रियाशीलता, स्तरीय सेवा प्रवाह, सचेतना अभिबद्धि, व्यापक सामाजिकीकरण, सामुहिक सशक्तीकरण तथा स्व-अनुगमन सम्बन्धी क्रियाकलापहरूको नियमित कार्यान्वयनको आवश्यकता रहेको छ । त्यसैले सरसफाइ र स्वच्छताको दिगोपन कायम गरी तपसिलमा उल्लिखित चुनौतीहरू सम्बोधन गर्न पूर्ण सरसफाइ मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य देखिएको छ।

- सरोकारवालाहरूको सहभागिता र क्रियाशीलतालाई निरन्तरता दिई खुला दिसामुक्त अवस्थाको दिगोपना कायम राख्दै पूर्ण सरसफाइ तर्फ उन्मुख हुन ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, पोषण, वातवारण, महिला, बालबालिका, जलवायु परिवर्तन, विपद् व्यवस्थापन क्षेत्रहरूसंग सम्बन्धित बहु-क्षेत्रगत सरोकारवालाहरूको क्रियाशिलता वृद्धि गरी सम्पूण सरोकारवालाहरूका क्षमता अभिवृद्धि गर्नका साथै जिम्मेवारी तथा जवाफदेहीतालाइ अभिवृद्धि गर्न ।
- खुला दिसामुक्त घोषणा पश्चात देशमा संचालित मौजुदा प्रवर्द्धनात्मक क्रियाकलापहरूबाट प्राप्त अनुभव र सिकाइहरू समेट्दै कार्य संचालन विधि, प्रक्रिया र सूचकहरूमा एकरूपता ल्याउन तथा प्रक्रियागत कमी कमजारीहरूमा सुधार गर्न ।
- खानेपानी, सरसफाइ र स्वच्छताका सेवाहरू र प्रयोगकता-मैत्री सुविधाहरूको विस्तार तथा स्तर अभिवृद्धि गर्दै उपलब्ध सेवा र सुविधाहरूको दिगो रूपले सम्भव भएसम्म उत्पादनमूलक र आयआर्जनमा समेत ध्यान दिई समुचित उपयोग गर्ने बानी व्यवहार प्रवर्द्धन गर्न ।
- पूर्ण सरसफाईको अवस्थामा पुग्नका लागि खानेपानीको सुविधा सुनिश्चित गर्न ।
- विद्यालय एवं स्वास्थ्य संस्था लगायत विभिन्न सार्वजनिक निकाय तथा संघसंस्था र सार्वजनिक स्थलमा सरसफाईको उचित व्यवस्थापनमा जोड दिन ।

## ९.३ नारा

***"...शितगंगा नगरपालिकाको प्रतिष्ठा र समृद्धि, पूर्ण सरसफाइ उन्मुख हाम्रो जीबनपद्धती"***

### ९.३.१. नगरपालिकाको पूर्ण सरसफाइ सम्बन्धी अन्य नाराहरू

१. सुरक्षित खाना शुद्ध खानेपानी, खुसी र स्वस्थ जिन्दगानी
२. सफा स्वच्छ वातावरण स्वस्थ जिन्दगानी,स्वर्ग बनाई यही धर्ती बाँचौ देवता बनी
३. सफा हुन सभ्य बन्न चाहिदैन धेरै धन, सबै संभव हुन्छ भए मानिसको ठूलो मन
४. एक घर एक चर्पी,धारा हात धुने ठाउँ, फोहरबाट मोहर बनाई धर्ती स्वच्छ बनाऔं

५. सफा सुन्दर स्वर्गसरी बनाई यही धर्ती, स्वस्थ भई रमाई बाँच्न दिउँ यही अर्ती
६. सफा राखौं चर्पी धारा घर टोल सारा, सभ्य समाज बनाउने हाम्रो अभिभारा
७. फोहर व्यवस्थान गरौं सबै मिलीजुली, सफा सुग्घर घरआँगन हुन्छ झिलिमिली
८. स्वास्थ्य नै ठूलो धन हो सुधारौं आनीबानी, पिउने गरौं सुरक्षित पानी,बाचौं स्वस्थ जिन्दगानी
९. शुद्धीकरण गरीएको सुरक्षित पानी, स्वस्थ हुन सधै हामी पिउँ ढुक्क मानी
१०. बस्छन् किटाणु फोहर पानीभरी, प्लेटफर्म बनाऔं धारा वरिपरी
११. जन्मैदेखि सिक्यौ हामी स्वाभिमानी बन्न, बन्द गरौ सरसफाईमा अरुको भर पर्न
१२. सरसफाइ  हो सभ्यता र बिकासको पहिचान, रोग व्याधि हट्छ अनि बढ्छ आत्मसम्मान
१३. रोकिदैन सरसफाईको हाम्रो अभियान, सरसफाईले बढाउँछ अझै हाम्रो शान
१४. बिद्यालय फोहर भए ज्यानै जान्छ हाम्रो, सरसफाईको सुबिधाले पढाई हुन्छ राम्रो
१५. बानी राम्रो सरसफाईको सानै देखी लाग्यो, सफा सुग्घर भए पछि रोग व्याधी भाग्यो
१६. निरोगी र सुखी हुने एउटा अचुक जुक्ति, फोहोरमैला र फोहरी बानीबाट मुक्ति
१७. नदीनाला पोखरीको संरक्षण गरौं, ढल फोहर मिसाउन सबैले बन्द गरौं
१८. नदि नाला धिक्कादैछन् नमिसाऔं ढल, मानिस पशु सबैका लागी अमृतसरी जल
१९. यति कुरा कहिल्यै नबिर्स बाबुनानी, फोहोर छोएपछि हात धुन साबुन र पानी
२०. विद्यालय ज्ञान सीपको भण्डार हो छरौ मिलेर ज्योति, सरसफाइ  नै विकास र सभ्यताको आधार हो साथी
२१. कार्यालय हाम्रो प्रतिष्ठा र जीविकाको आधार, सफा सुन्दर पार्न हामी बनौं जिम्मेवार
२२. म एक व्यापारी, ग्राहक मेरा देवता, सुरक्षित खानेकुरा शुद्ध पानी पाइन्छ हजुर यता
२३. हानिकारक किटाणुको जमघट हुनसक्छ हातमा,साबुनपानीले हात धुने गरौ जोखिमपूर्ण अबस्थामा
२४. महिनावारी प्राकृतिक भूमिका हो भन्ने सबैले मानौं,भेदभाव गर्दा कानुनी सजाय भोग्नु पर्छ भन्ने जानौं
२५. भाडाकुँडाको उचित सफाइ र राख्ने सफा ठाउँ,सुकाउने चलन राम्रो सबैलाई यही बताउँ
२६. धाराबाट खेर जाने पानीलाई करेसाबारीमा प्रयोग गरी,  दिनहुँ खाने गरौं हरिया ताजा तरकारी
२७. बालबच्चा वृद्धबृद्धाको सरसफाईमा उचित ध्यान दिऔ,रोग ब्याधी र चिन्ताबाट सधै टाढै रहौं

## ९.४. लक्ष्य र अवधि

यस  नगरपालिका वास योजनाले नेपाल सरकार, खानेपानी मन्त्रालयद्वारा तयार पारिएको पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ (Total Sanitation Guideline, 2017) का सिद्धान्त, लक्ष्य तथा रणनीतिहरूलाई अंगिकार गरेको छ । त्यसैले यसमा प्रस्ताव गरीएका सरसफाईका कार्यक्रमहरूको कार्यान्वयन नेपाल सरकारको पूर्ण सरसफाइ  मार्गदर्शन, २०७३ ले (Total Sanitation Guideline, 2017) परिलक्षित गरेको, अवधि लक्ष्य र सिद्धान्तका साथै दिगो विकास लक्ष्यले परिभाषित गरेका सरसफाईका सुविधास्तरका सूचकहरूलाई समेत तादाम्यता मिलाई सोहि बमोजिम कार्ययोजनाहरू तय गरी कार्यान्वयन गर्दै जाने लक्ष्य लिइएको छ ।

सोहि पूर्ण सरसफाइ  मार्गदर्शन, २०७३ ले परिभाषित गरेको सन २०२५सम्म “सबैको लागि र सधैको लागि पूर्ण सरसफाई” को अवस्था हासिल गर्नेतर्फ उन्मुख हुन यस नगरपालीका वास गुरुयोजनाले सन

२०२५ सम्ममा शितगंगा नगरपालिकालाई पुर्ण सरसफाइ युक्त नगरपालिकाको स्तरमा पुऱ्याउने लक्ष्य लिएको छ। यसको लागि तपसिलका आवधिक योजनाहरू तय गरीएको छ।

**पहिलो चरण:** यस चरणमा वि.सं. २०७९ सम्ममा ५ वडालाई पुर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ।

**दोश्रो चरण:** यसचरणमा वि.सं. २०८१ सम्ममा थप ५ वटा वडालाई पुर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ।

**तेश्रो चरण:** यसचरणमा वि.सं. २०८२ सम्ममा थप ४ वटा वडालाई पुर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ। सम्पुर्ण वडामा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणालीको व्यवस्था गरीने लक्ष्य लिइएको छ। सम्पुर्ण विद्यालय, सार्वजनिक स्थल तथा स्वास्थ्य र संघ संस्थाहरूमा महिलामैत्री, अपाङ्गमैत्री तथा बालमैत्री शौचालयहरूको व्यवस्था गरिनेछ ।

## ९.५. उद्देश्य:

मानिसको स्वास्थ्य र दैनिक जीवनयापनसँग सरसफाइ सुविधाको प्रत्यक्ष सम्बन्ध रही आएको छ। सरसफाइ सुविधाको समुचित विकास तथा विस्तारबाट आम मानिसको स्वास्थ्यमा अभिवृद्धि हुने हँदा वातावरणीय सरसफाइ र स्वच्छताका माध्यमबाट मानव जीवनस्तरमा सुधार गर्नका लागि यस रणनितिक योजनाले तपसिलका उद्देश्यहरू लिएको छ।

- खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने।
- सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्ने।
- घरायसी तथा संस्थागत तहमा सरसफाइ र स्वच्छताका सुविधाको समुचित प्रयोग,मर्मत सम्भार तथा स्तरोन्नति गर्ने।
- सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा सस्थागत तहमा पानी शुद्धीकरणका प्रवर्द्धन समेत गर्ने।
- फोहोर मैला तथा मानव मलुत्रीय फोहोरको सम्भव भएसम्म पुनःप्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने।
- पोखरी तथा साना जलाशय र खोला खोल्सीहरूको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने।

## ९.६. रणनीतीक कार्यहरू :

- समुदायहरूलाइ समावेशी, प्रभावकारी तथा दिगो पद्धतिको माध्यमबाट सरसफाईका खुडकिलाहरूमा सुधार गर्नको लागि पूर्ण सरसफाइ मार्गदर्शनलाइ अनुसरण गरी कायाान्त्वयन

गरिनेछ , यसले पूर्ण सरसफाईको प्रतिफल निकाल्नको लागि समुदायलाइ सहयोग गर्ने छ। पूण सरसफाइ मार्गदर्शनले सफा घर, समुदाय, गाउं, नगर र पालिकाको लागि स्पष्ट पद्यति र सूचकाङ्क समावेश गर्ने छ।

- विभिन्न परिप्रेक्ष्य र भौगोलिक अवस्थिति अनुसार जन-मैत्री पद्यति, प्रविधि तथा बानीव्यवहार परिवर्तन गर्ने सामाग्रीहरूको विकास गरीनेछ। यसमा दिगो बानीव्यवहार परिवर्तन गर्न, उत्प्रेरित र वजारीकरण गर्नको लागि सही बानीव्यवहार पररवर्तन गर्ने अनुगमन सूचकाङ्कहरूको पनि विकास गरिनेछ ।
- संस्थागत सरसफाईका सेवाहरूको दिगोपनाको सुनिश्चितताको लागि अनुगमन प्रणालीलाइ सुदढ गरी गरिनेछ ।
- खुला दिसामुक्त क्षेत्रहरूको प्रमाणीकरणको अध्ययन गरीनेछ र सुधारका कार्यहरूको तर्जुमा गरी दिगोपना सुनिश्चित गरिनेछ ।
- नगरपालिका र वडाहरूले आ-आफ्नो क्षेत्रको लागि रणनीतिक सरसफाइ योजना विकास गरी खुला दिसामुक्तको भूमिकालाइ विस्तारित गरी सरसफाईका लागि उच्च माग वृध्दि गर्ने छ र पूर्ण सरसफाइ प्राप्तिको लागि सरसफाईमा लगानी गर्ने छन।
- सबै ठला र मध्यम सहरहरूमा ढल सञ्जालको प्रक्रियावद्ध योजना तयार गरिनेछ ,
- दिसाजन्य लेदोबाट ग्याँस र उर्जा उत्पादन गर्न प्रोत्साहित गरीन छ।
- कम आय भएको क्षेत्रहरूमा बिकेन्द्रित फोहोरपानी प्रशोधन प्रणालीहरूको निर्माण गर्न प्रोत्सीहत गरिनेछ ।
- सहरी सरसफाईको लागि अन्तर नगर सहयोग कार्यक्रम प्रवर्धनको लागि संभावना खोजीने छ र सवै प्रयासहरूलाइ केन्द्रित गरिनेछ ।
- मात्रामाभन्दा गुणस्तरमा ध्यान दिइ दिगो व्यवस्थापनलाइ सुनिश्चित गने मार्ग निर्देशक सिदान्तमा विकेन्द्रित फोहोर पानी प्रशोधन प्रणालीको केन्द्रित गरिनेछ ।
- यो प्रणाली कायाान्वयनको लागि यी शर्तहरू पुरा भएको हनुपर्ने छ :
  क) सरकारी वा सामुदावयक जग्गाको उपलब्धता,
  ख) समुदायले डिजाइन, कार्यान्वयन, सञ्चालन र मर्मत सम्भारमा इच्छा दखाएको,
  ग) केन्द्रिकित ढल प्रणालीको सञ्जालमा पहंच नभएको उपयुक्त समुदायको पहिचान,
  घ) कोषको उपलब्धता पहिचान सहितको सञ्चालन र ममातसंभार योजनाको विकास भएको,
  ङ) उपयुक्त डिजाइन मापदण्डहरू स्थापित भएको।
- वर्षादको भल व्यवस्थापन गुरु योजनाको तयारी र सहरहरूमा बाढीको जोखिमको अधारमा नाली निमार्णलाइ प्राथमिकता दिइने छ।
- कालो पत्रे सडकसँगै निर्मित वर्षादको भल नालीलाइ सहरी ढल प्रणाली बाट अलग गरिनेछ ।
- स्थानीय निकाय, समुदाय र घरहरूको लागि दिसाजन्य लेदो व्यवस्थापन, विशेषगरी साना सहरहरूमा पूण सरसफाइ कार्यक्रम अघि बढाउनका लागि, प्राथमिक विकास मुद्दाको रूपमा रहने छ। साना सहरहरूमा दिसाजन्य लेदा व्यवस्थापनको सहयोगको लागि सेप्टिक ट्याङ्कको सजिलो डिजाइन र दिसाजन्य लेदोको प्रशोधन प्रणाली, अपरेसन म्यानुअल र संगठनात्मक र नियामक खाका तयार गरिनेछ ।

| १० | विद्यार्थी, बाल क्लव | विद्यालय सेवा क्षेत्रभित्र सरसफाइ क्यालेन्डर बनाइ कार्यक्रम संचालन गर्ने<br>सरसफाइका सुविधाहरू एवं कक्षा कोठा र वरिपरिको वातावरणीय सरसफाइ गर्ने<br>तथ्याक संकलन, सचेतनामूलक कायर्कम संचालनमा सहभागी हुने<br>अविभावकहरूलाई सरसफाइ प्रवर्द्धन गर्न अभिप्रेरित गर्ने<br>अनुगमन र सहजीकरण गर्न सहयोग पुर्‍याउने<br>सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रूपमा प्रस्तुत हुने |

| | | |
|---|---|---|
| ११ | स्थानीय क्लव र समूह | प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने<br>सामुदायिक सशक्तिकरण र सक्रियता वृद्धि गर्न सहयोग पुऱ्याउने<br>अभिमुखीकरण र ट्रिगरीङ्ग गर्न सहयोग पुऱ्याउने<br>अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुऱ्याउने<br>सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br>अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने |
| १२ | वित्तीय संस्था तथा सहकारी | सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>सहुलियत व्याँज दरमा ऋण प्रदान गर्ने<br>सामग्रीहरूको बजारीकरण र वितरण गर्ने |
| १३ | संचारकर्मी तथा नागरीक समाज | सन्देशमूलक सामग्रीहरूको प्रचारप्रसार गर्ने<br>अध्ययन, अवलोकन र सफल कथाहरूको प्रचारप्रसार गर्ने<br>अनुगमन र पैरवी गर्ने |
| १४ | निजी क्षेत्रका व्यवसायी र मठ मन्दिर संचालक आदि | सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्ने<br>कार्यस्थल र सेवाको सरसफाइ र स्वच्छता कायम गर्ने<br>सरसफाइ तथा स्वच्छता अभियानमा कर्मचारी, संगठन र निकायहरूलाई परिचालन गर्ने |

## अनुसूचि ७ :. नीति निर्माण तथा समन्वय तह :

| क्र.स. | **सरोकारवालाहरू** | कार्य क्षेत्र |
|---|---|---|
| १. | नगरपालिका | रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने<br>बजेट तथा मानव संसाधन व्यवस्थापन गर्न सहयोग पुऱ्याउने<br>नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| २. | सरकारी कार्यालयहरू मन्त्रालय, विभाग, क्षेत्रीय तथा जिल्ला तहका कार्यालयहरू | नीति र रणनीति र योजना तर्जुमा र कार्यान्वयन गर्ने<br>बजेट तथा मानव संसाधन व्यवस्थापन गर्ने<br>समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| ३. | निर्देशन तथा समन्वय समिति | प्रदेशगत समन्वय तथा स्रोत साधन पहिचान गर्ने<br>सरसफाइका मुद्दाहरूलाई स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय तहमा पैरवी गर्ने |

| | | |
|---|---|---|
| | | सभा सम्मेलन, गोष्ठी आदि सञ्चालन गर्ने<br>रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने<br>नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने<br>अनुसन्धान र विकासका क्रियाकलापमा सहयोगपुऱ्याउने<br>अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| ४. | विकास साझेदार संस्था | क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनमा सरकार र समन्वय समितिलाई प्राविधिक तथा आर्थिक सहयोग गर्ने<br>अनुसन्धान र विकासका कार्यहरू सञ्चालन गर्ने |
| ५. | राजनीतिक दल र दलका भातृ संगठनहरू | सरसफाइलाई राष्ट्रिय विकासको महत्वपूर्ण मूलधारका रूपमा स्थापित गर्ने<br>सरसफाइका लागि प्रयाप्त बजेट व्यवस्थापन गर्ने<br>जनशक्ति परिचालन गर्ने |

## अनुसूचि ८ :. खानेपानी,सरसफाइ र स्वच्छताका अन्तरनिहित विषयहरू

| **क.सं.** | **अन्तर्सम्बन्धित विषयहरू** | **सम्बोधन गर्ने उपायहरू** |
|---|---|---|
| १ | सामाजिक समावेशीकरण | • हरेक तहका समन्वय समिति तथा कार्यदलहरूमा समुदायका सवै वर्ग र समूहको प्रतिनिधित्व सहित कम्तिमा पनि ३३% महिलाको सहभागिता सुनिश्चित गर्ने ।<br>• लैंगिक तथा सामाजिक वर्ग, समूहका संवेदनशील तथ्यांक तैयारी गर्ने ।<br>• क्षमता अभिवृद्धिका क्रियाकलाप संचालन गर्दा अनिवार्यतः लैंगिक सन्तुलन कायम गरी सहभागीहरूको चयन गर्ने ।<br>• पूर्ण सरसफाइ जनचेतनामूलक सामग्री विकास गर्दा लैंगिक पक्ष र समावेशितामा ध्यान दिने ।<br>• लैगिक, अपांग, बाल, वृद्ध सम्वेदनशील सुविधाहरू प्रवर्द्धन गर्ने ।<br>• आयआर्जन र जीविकोपार्जनमुखी सरसफाइका क्रियाकलापहरू प्रवर्द्धन गर्ने |
| २ | पोषण (जन-स्वास्थ्यको कार्यक्रमहरूसंग बढी सम्बन्धित) | • सरसफाइ र पोषणको अन्तरसम्बन्ध झल्किने गरी शैक्षिक एवं जनचेतनामूलक सामग्री विकास तथा प्रचार प्रसार गर्ने ।<br>• गरीबी निवारण र पोषणसँग सम्बन्धित कार्यक्रम संचालन गर्दा चर्पी निर्माण र प्रयोग एवं साबुन पानीले हात धुने क्रियाकलापको सुनिश्चितता गर्ने ।<br>• सुरक्षित मातृत्व र स्तनपान सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरू संचालन गर्दा चर्पी प्रयोग र साबुन पानीले हात धुने क्रियाकलापहरूलाई प्राथमिकता दिने ।<br>• स्वास्थ्य मन्त्रालयद्वारा संचालित एकीकृत पोषण व्यवस्थापन कार्यक्रमसँग खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी क्रियाकलाप तथा सुविधाहरू प्रवर्द्धन गर्ने । |

| | | |
|---|---|---|
| | | • |
| ३ | मासिक धर्म स्वच्छता (महिनावारी स्वच्छता ,जनस्वास्थ्य र शिक्षासंग प्रत्यक्ष सम्बन्धित) | • विद्यालय, सार्वजनिक भवन र सरकारी तथा गै.स.स. कार्यालयहरूमा अनिवार्यतः चर्पीको साथमा महिनावारीसंग सम्बन्धित पक्षहरू (जस्तै स्यानीटरी प्याड लगायत सफाइ सम्बन्धी अन्य सामग्रीहरू सफा गर्ने, फेर्ने, फ्याल्न र जलाउन मिल्ने सुविधाहरू) समेतको व्यवस्था गर्ने ।<br>• सरसफाइ सम्बन्धी विद्यालय र समुदाय स्तरीय क्रियाकलापहरू संचालन गर्दा महिनावारी स्वच्छताका विषयहरू समावेश गर्ने ।<br>• महिनावारी स्वच्छता व्यवस्थापनका लागि जनचेतनामूलक सामग्री, स्यानीटरी प्याडको निर्माण, विकास तथा प्रचारप्रसार गर्ने । |
| ४ | जलवायु परिवर्तन (वातावरण, विज्ञान र प्रविधि, अनुसन्धान, जलश्रोत, जनस्वास्थ्य आदिसंग बढी सम्बन्धित) | • जलवायु परिवर्तन सम्बन्धी क्षेत्रगत कार्य समूह स्थापना गर्ने ।<br>• जलवायु परिवर्तनले खानेपानी तथा सरसफाइ क्षेत्रमा परेको असरहरूको वैज्ञानिक तथ्यहरू व्यवस्थित गर्न त्यसका आधारमा सुधारका योजनाहरू तर्जुमा गर्ने ।<br>• विद्यालय तथा विश्व विद्यालय तहका पाठ्यपुस्तकहरूमा जलवायु परिवर्तन सम्बन्धी विषयहरू समावेश गर्ने ।<br>• वर्षात्को पानी संकलन तथा स्थानीय स्तरमा उपयुक्त हुने अन्य प्रविधिको विस्तार गरी जलवायु परिवर्तनको जोखिम न्यूनिकरण गर्ने ।<br>• जलवायु परिवर्तनका कारक तत्व मानिएका घरायसी र सामुदायिक तहमा प्रयोग भइ रहेका सामग्रीहरूको न्यून रूपमा प्रयोग गर्न जनचेतनामूलक क्रियाकलाप संचालन गर्ने ।<br>• जलवायु परिवर्तनको सवाललाई खानेपानी संस्थाको क्षेत्रको नीतिभित्र समावेश गर्न दीर्घकालीन र दिगो व्यवस्थापनको कार्यक्रम संचालन गर्ने ।<br>• अनुगमनका क्षेत्रगत सूचकहरू तयार गर्दा जलवायु परिवर्तनका सवाल/मुद्दाहरू समावेश गर्ने ।<br>• जलवायु परिवर्तनको असर न्यूनिकरणसँग सान्दर्भिक पद्धति, प्रविधि, मौलिक ज्ञान तथा सीप, क्षमता अभिवृद्धि, सूचना प्रणाली, वैकल्पिक उपायहरू आदि सम्बन्धी विषयहरूमा अनुसन्धान र विकास गर्ने । |
| ५ | आपत्कालिन पूर्व तैयारी (गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय आवाससंग सम्बन्धित) | • आपत्कालीन अवस्थामा जोखिम आँकलन र खानेपानी, सरसफाइ, तथा स्वच्छता क्षेत्रले विपद् व्यवस्थापनमा वहन गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्ने विभिन्न तहका समन्वय समितिहरूको क्षमता र सीप अभिवृद्धि गर्ने<br>• विभिन्न क्लस्टरहरूसँग वास क्लस्टरको समन्वय गर्ने ।<br>• विपद् सम्बन्धी योजना सहित सेवा सुविधाको मानक तथा नर्म्स र सहयोगका प्याकेज समेटी रणनीतिक कार्य योजना तयार गर्ने<br>• जोखिमको नक्सांकन गर्ने<br>• आपत्कालिन सरसफाइ कोष स्थापना गर्ने ।<br>• क्लोरिन र औषधिको भण्डारण मजबुत राख्ने ।<br>• चर्पी निर्माण गर्ने सामग्रीको यथेष्ठ भण्डारण गर्ने ।<br>• पानीको गुणस्तर जाँच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने ।<br>• विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त तालिम प्राप्त सहजकर्ता/स्वयंसेवकहरू परिचालन गर्ने । |

| | | |
|---|---|---|
| | | • मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ।<br>• आपत्कालिन अवस्थाको लागि शीघ्र रेस्पोन्स पद्धतिको विकास र अवलम्बन गर्ने ।<br>• हरेक जिल्लामा जगेडा कोष व्यवस्थापन गर्ने ।<br>• स्वयंसेवकको व्यापक परिचालन गर्ने ।<br>• सूचना व्यवस्थापन सुदृढ गर्ने ।<br>• विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ।<br>• हरेक तहका समन्वय समितिहरूलाई बजेट व्यवस्थापन, समन्वय, मानव संसाधन परिचालन, कोष व्यवस्थापन, सूचना व्यवस्थापन र अनुगमनका कार्यमा जिम्मेवार बनाउने । |
| ६ | बानी व्यहोरा विकास तथा परिवर्तन | • मौजुदा सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यहोराको विश्लेषण गर्ने ।<br>• लक्षित समूहको लेखाजोखा र क्षमता अभिवृद्धि गर्ने<br>• अपेक्षित बानी व्यहोराको पहिचान गर्ने ।<br>• बानी व्यहोरा विकास तथा परिवर्तनमा बाधा पुऱ्याउने र सहयोग गर्ने पक्षहरूको खोजी गर्ने ।<br>• लक्षित समूहले रुचाउने सन्देश पहिचान गर्ने ।<br>• सामग्री र माध्यमहरूको चयन गर्ने ।<br>• संचार तथा तालिम आवश्यकता पहिचान गर्ने ।<br>• प्रमाणमा आधारित पैरवी तथा संचार प्याकेजहरूको प्रयोग गर्ने ।<br>• अपेक्षित बानी व्यहोरा हासिल हुन सके नसकेको अनुगमन र मूल्यांकन गर्ने । |

## अनुसूचि ९: अनुगमनका सूचकहरू र प्रमाणीकरणका आधारहरू

| सूचकहरू | प्रमाणीकरणका आधार तथा औजार |
|---|---|
| **योजना तर्जुमा र व्यवस्थापन** | |
| • समन्वय समिति सक्रिय रहेको,<br>• वास योजना तर्जुमा भएको,<br>• क्षमता विकासको लागि तालिमहरू सञ्चालन गरीएको, | • समन्वय समितिको बैठक नियमित बस्छ बस्दैन सोध्ने<br>• बैठकको माइन्यूट अवलोकन गर्ने<br>• वास योजना तर्जुमा भए नभएको सोध्ने र एकीन गरी अवलोकन गर्ने<br>• तालिमहरू सञ्चालन भए नभएको सोध्ने र तालिम प्रतिवेदन हेर्ने |
| **समुचित तरिकाले चर्पीको प्रयोग** | |

| | |
|---|---|
| • प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरूमा चर्पी निर्माण भइ प्रयोग भएको,<br>• साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,<br>• खुला ठाँउमा दिसा नभेटिएको,<br>• संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको, | • घर, संघसंस्था निकाय र आवश्यकता अनुसार सार्वजनिक शौचालय बने नबनेको स्याम्पिलिङ्गका आधारमा अवलोकन तथा सोधपुछ गर्ने<br>• चर्पी साबुन पानी सहित सफा छ छैन अवलोकन गर्ने<br>• संघ सस्था एवं सार्वजनिक शौचालय प्रयोगकर्ता मैत्री छन् छैनन् अवलोकन गर्ने |
| **व्यक्तिगत सरसफाइ** | |
| • प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानीसहितको हात धुने स्थान बनाएको,<br>• घर, विद्यालय संघसस्था र सार्वजनिक शौचालयहरूमा साबुन पानीले हात धुने सुविधा ( स्थान र सावुन पानी) भएका,<br>• घर, विद्यालय, स्वास्थ्य सस्था, कार्यालयहरूमा सावुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन  लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,<br>• व्यक्तिगत सरसफाइमा ध्यान पुराएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत) | • घर,व्यक्ति,संघसंस्थाका व्यक्तिहरूको स्वच्छता अवलोकन गर्ने तथा ज्ञान सम्बन्धी सोधपुछ गर्ने<br>• साबुन पानीसहितको हातधुने स्थान छ छैन अवलोकन गर्ने |
| **सुरक्षित पानीमा पहुँच तथा प्रयोग** | |
| • आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको,<br>• खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा  घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको,<br>• घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरू स्थानीय बजारमा उपलब्ध भएको, | • खानेपानीको पहुँच पुगेको छ छैन सोधपुछ गर्ने तथा अवलोकन गर्ने<br>• घर, संघसंस्था, विद्यालयमा घरायसी खानेपानी शुद्धीकरणका विधिहरू : उमालेर, क्लोरिन, फिल्टर, सोडिस विधिहरू मध्ये कुनै एक विधि अवलम्बन गरी खानेपानीको प्रयोग गरीएको छ, छैन, अवलोकन गर्ने,  अभ्यासका सम्बन्धमा सोधपुछ गर्ने,<br>• खानेपानी राख्ने, भाँडा सफा छ छैन, पानी छोपेर राखेको छ छैन अवलोकन गर्ने |
| **सुरक्षित खाना प्रयोग सम्बन्धी व्यवहार** | |
| • घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्ने गरेको गरेको<br>• खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको, | • खाना पकाउने, खाने भाँडा सफा छ छैन अवलोकन गर्ने,सोध्ने<br>• खाना सफा छ छैन क्यान्टिन, होस्टेलका विद्यार्थी र होटल र रेस्टुराका ग्राहकलाई एवं परिवारका सदस्यलाई  सोध्ने |

| | |
|---|---|
| • फलफूल तथा खानेकुराहरू राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,<br>• सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रूपमा अनुगमन हुने गरेको, | • होटेल, क्यान्टिन, रेस्टुरा लगायतको खानाको शुद्धता अवलोकन गर्ने टिम सक्रिय छ छैन सोध्ने, अनुगमन प्रतिवेदन अवलोकन गर्ने |
| **घर, विद्यालय संघसस्था, सरसफाइ** | |
| • घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको,<br>• विद्यालय, संघसस्था र सार्वजनिक शौचालयहरूमा महिनावारीमा प्रयोग गरीएका स्यानीटरी प्याड वा अन्य साधनहरूको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,<br>• घर आगँन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको,<br>• अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,<br>• उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,<br>• भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको, | • घर, विद्यालय एवं संघसस्थाको भित्र बाहिर सरसफाइ अवलोकन गर्ने<br>• फोहोरको वर्गीकरण एवं पुन प्रयोग गरेको छ छैन अवलोकन गर्ने<br>• घरायसी तहमा भाडा माझ्ने जुठ्यान, भाँडा सुकाउने च्याङ्ग, कपडा सुकाउने डोरी छ छैन अवलोकन गर्ने ।<br>• घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको निस्कासन स्थल अवलोकन गर्ने<br>• अस्पताल, उद्योग, कलकारखानाको अवलोकन गर्ने<br>• भान्सा कोठा सफा छ छैन, धुँवा रहित चुल्हो प्रयोगमा छ छैन सोध्ने र अवलोकन गर्ने<br>• गाई बस्तुको गोठ खोर, व्यवस्थान अवलोकन गर्ने |
| **वातावरणीय सरसफाइ** | |
| • गाउँ, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरूमा सफाइको लागि सरसफाइ समिति गठन भएको,<br>• घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको | • ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार स्थानीय प्रविधि संचालनमा छ छैन अवलोकन गर्ने<br>• नगर र नगरोन्मुख क्षेत्रमा ठोस फाहोरमैलाको व्यवस्थानको लागि योजना तर्जुमा भएको छ छैन सोध्ने र अवलोकन गर्ने ।<br>• ढल प्रणालीको योजना अवलोकन गर्ने<br>• वधशाला सफा र स्वच्छ रहेको ।<br>• खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरूमा सवैको पहुँच पुगेको छ छैन? राम्ररी संचालनमा रहेका छन् छैन् अवलोकन गर्ने, सोध्ने |

| | |
|---|---|
| • बजार बनारोन्मुख क्षेत्रमा ठोस फाहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको,<br><br>• व्यवस्थित ढल प्रणालीको योजना तर्जुमा भएको,<br><br>• नगर र नगरोन्मुख क्षेत्रमा बधशालाहरूको निर्माण, वधशालाको सरसफाइ र त्यसबाट निस्कने फोहोरको व्यवस्थापनमा जोड | • प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ छैन, संचालनमा छ छैन अवलोकन गर्ने<br>• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थित संचालनमा भएको छ छैन अवलोकन गर्ने<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैन अवलोकन तथा परीक्षण गर्ने<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने |
| **पूर्ण सरसफाइ उन्मुख क्षेत्र** | |
| • प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,<br>• नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको,<br>• ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको<br>• नगर र नगरोन्मुख क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको,<br>• ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइडको निर्माण गरी संचालनमा रहेको,<br>• बजार र बजारोन्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्त्पादन, पुन:प्रयोग र रिसाइकल गर्ने व्यवस्था भएको,<br>• आकासेपानी संकलन र उपयोग गरेको,<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको, | • खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरूमा सवैको पहुँच पुगेको छ छैन? राम्ररी संचालनमा रहेका छन् छैन् अवलोकन गर्ने, सोध्ने<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ छैन, संचालनमा छ छैन अवलोकन गर्ने<br>• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थित संचालनमा भएको छ छैन अवलोकन गर्ने<br>• नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैन अवलोकन तथा परीक्षण गर्ने<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने |

## अनुसूचि : १० अनुगमन फारामहरू

## १०.१ घरायसी तहमा प्रयोग गरीने अनुगमन फाराम

| क्रसं | सूचकहरू | अंकभार (१००) | छ/छैन सर्भेक्षण गरेको घर नम्बर | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| **क) चर्पीको प्रयोग** | | **२५** | | | | | |
| १ | सबैले सधैं सुरक्षित चर्पीमा दिसापिसाब गर्ने गरेको । | ५ | | | | | |
| २ | चर्पीको नियमित सरसफाइका लागि ब्रस र सफा गर्ने वस्तुको उपलब्ध भएको । | ३ | | | | | |
| ३ | चर्पी प्रयोगपछि हात धुनका लागि साबुन पानीको सहज व्यवस्था भएको । | ५ | | | | | |
| ४ | चर्पीको प्यान र त्यस वरिपरि दिसा नदेखिएको । | ५ | | | | | |
| ५ | दिसा संकलन ट्यांकी वरपर दिसाजन्य लेदो बाहिर नदेखिएको । | ५ | | | | | |
| ६ | चर्पी प्रयोगकर्ता (बालबालिका, अपाङ्गता, लैगिंक,अशक्तता) मैत्री भएको । | २ | | | | | |
| **ख) व्यक्तिगत सरसफाइ** | | **३०** | | | | | |
| | **साबुन पानीले हात धुने बानीको विकास** | | | | | | |
| १ | चर्पीको प्रयोग गरीसकेपछि, बच्चाको दिसा धोईसकेपछि साबुन पानीले हात धुने बानी भएको । | ५ | | | | | |
| २ | खाना बनाउनु एवं पस्कनु, खानु र खुवाउनुअघि साबुन पानीले हात धुने गरेको । | ५ | | | | | |
| ३ | फोहोर वस्तु र/वा विषादी छोएपछि साबुन पानीले हात धुने गरेको । | ५ | | | | | |
| ४ | बिरामी स्याहार गरेपछि साबुन पानीले हात धुने गरेको । | २ | | | | | |
| | **महिनावारी स्वच्छता** | | | | | | |
| ५ | महिनावारी स्वच्छता सम्बन्धी ज्ञान र चेतना भएको । | २ | | | | | |
| ६ | स्यानेटरी प्याडको उपयुक्त (जलाउने वा साबुन पानीले धोएर घाममा सुकाउने) व्यवस्थापन गर्ने गरेको । | ४ | | | | | |
| ७ | रजस्वलाको बेला नियमित नुहाउने गरेको । | २ | | | | | |
| | **अन्य व्यक्तिगत सरसफाइ :** | | | | | | |
| ८ | नियमित रूपमा नुहाउने, दाँत माझ्ने, नङ्ग काट्ने, सफा कपडा लगाउने गरेको । | ५ | | | | | |
| **ग) न्यूनतम आवश्यक र सुरक्षित पानीमा पहुँच तथा प्रयोग** | | **२०** | | | | | |
| १ | पानीको सुरक्षित भण्डारण अथवा प्रयोग गर्ने भाँडा सफा तथा छोपेर राखेको । | ६ | | | | | |

| क्रसं | सूचकहरू | अंकभार (१००) | छ/छैन सर्भेक्षण गरेको घर नम्बर | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| २ | पानी शुद्धिकरणका विधिहरू (उमाल्ने, फिल्टर गर्ने, क्लोरिन प्रयोग गर्ने, सोडिस गर्ने) को ज्ञान तथा प्रयोग । | ६ | | | | | |
| ३ | छोपेको इनार, प्लेटफर्म सहितको हेण्डपम्प, सुरक्षित मुहान, खानेपानी सुरक्षा योजना लागु भएको खानेपानी प्रणालीको पानी प्रयोग गर्ने गरेको । | ४ | | | | | |
| ४ | कम्तीमा राष्ट्रिय मापदण्डले तोके बमोजिम न्यूनतम पानीको मात्रा उपलब्धता रहेको । | ४ | | | | | |
| **घ) सुरक्षित खानाको प्रयोग** | | **१५** | | | | | |
| १ | खानेकुराको सुरक्षित भण्डारण (खानेकुराहरू सधैं छोपेर राख्ने, उपयुक्त तापक्रममा संरक्षण गर्ने) गरेको । | ४ | | | | | |
| २ | पकाउने भाँडा र भान्साकोठा सफा रहेको । | २ | | | | | |
| ३ | सुरक्षित खानेकुराहरू (राम्ररी पाकेको, काँचै खाने खानेकुरालाई सुरक्षित पानीले राम्ररी धोएको, बासी नभएको, नसडेको, नगलेको, झिंगा नभन्केको) मात्रै खाने गरेको तथा सो सम्बन्धी ज्ञान र चेतना भएको । | ४ | | | | | |
| ४ | पकाएको खानालाई पुनः प्रयोग गर्नु परेमा राम्ररी तताएर खाने गरेको । | १ | | | | | |
| ५ | पोषणयुक्त खाद्यवस्तु र खानेकुराको प्रयोग गर्ने गरेको तथा सो सम्बन्धी ज्ञान र चेतना भएको । | २ | | | | | |
| ६ | पशुपंक्षीको पहुँचबाट सुरक्षित राख्न मसला पिस्ने सिलौटालाई छोप्ने र/वा उँचो स्थानमा राखेको । | २ | | | | | |
| **ङ) सफा स्वच्छ घरआँगन** | | **१०** | | | | | |
| १ | घरआँगनको सधै सफाई गर्ने गरेको । | १ | | | | | |
| २ | घरबाट निस्किने फोहरमैलालाई वर्गिकरण (कुहिने, नकुहिने) गरी व्यवस्थापन गर्ने गरेको । | २ | | | | | |
| ३ | घरबाट निस्किने फोहरपानीको उचित व्यवस्थापन गर्ने गरेको । | १ | | | | | |
| ४ | सुधारिएको चुल्हो, बायो ग्याँस/एल.पी ग्याँस चुल्हो, विद्युतीय चुल्हो आदिको प्रयोग गर्ने गरेको । | २ | | | | | |
| ५ | भान्सा कोठामा क्रस भेन्टीलेशनको व्यवस्था भएको । | १ | | | | | |
| ६ | जुठेल्नो, चाङ र किचन ऱ्याकको व्यवस्था भएको । | २ | | | | | |
| ७ | पशुपंक्षीका लागि छुट्टै गोठ र खोरको व्यवस्था भएको । | १ | | | | | |

## १०.२ बिद्यालय WASH वास तीन तारा पद्धति मापदण्ड

| क.स. | आधारहरू | तारा प्राप्त गर्ने सूचकहरू ( आधारहरू) | | |
|---|---|---|---|---|
| | | एक तारा | दुई तारा | तीन तारा |
| १ | पानी | पिउन, हात धुन र सरसफाइ गर्नका लागि पानीको उपलब्धता | विद्यालयमा पिउनका लागि शुद्धीकरण गरीएको पानीको व्यवस्था | सबै बालबालिकाहरूको पहुँच सहितको पिउन र सरसफाइका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्धता (प्रति व्यक्ति दैनिक १२ लि.) |
| २ | शौचालय | छात्रा तथा छात्रहरूका लागि चुकुलसहितका अलग अलग शौचालय भएको | बाल, लैङ्गिक , अपाङ्गता र वातावरण मैत्री युरिनल र पानीसहितको धारा भएको शौचालयको व्यवस्था | सुरक्षित स्थानमा बाल,लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री (२५ छात्रा र ४० छात्रहरूको अनुपातमा) पर्याप्त पानीसहितको शौचालयको सुविधासहित दिसा, पिसाबको सुरक्षित निकासको व्यवस्था मिलाइएको |
| ३ | वातावरणीय सरसफाइ | ठोस फोहरलाई डस्टबिनमा सङ्कलन गरी समय समयमा बिसर्जन गर्ने गरीएको | ठोस फोहोरहरूलाई सिसा वा धातुजन्य, नकुहिने र कुहिने गरी अलग अलग डस्टबिनमा सङ्कलन गरी कम्तिमा हप्तामा एक पटक बिसर्जन गर्ने गरीएको | सामग्रीहरूको प्रयोग घटाउने, पुन:प्रयोग गर्ने र पुन:चक्रणको पद्धति लागू गरी फोहोरको व्यवस्थापन गरीएको |
| ४ | सफा र हरियाली वातावरण | विद्यालय सेवाक्षेत्र खुला दिसा मुक्त घोषणा भएको | विद्यालय परिसरभित्र फूलहरू रोपी बगैंचाको व्यवस्था भएको | विद्यालयभित्रको उपयुक्त खाली जमिनमा वृक्षरोपण र बगैंचा र करेसाबारीको विकास गरीएको |
| ५ | स्वच्छता सुविधा | पानी र साबुनसहितको हात धुने सुविधा भएको | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएका | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा (छात्रा ४० र छात्र ६० को अनुपातमा एक धारा) मा सबैको सहज पहँचु सहित प्रयोग भई नाली |

| | | | | |
|---|---|---|---|---|
| | | | | वा सोकपिट वा बगैचा वा करेसाबारीमा पानीको निकासको व्यवस्था गरीएको |
| ६ | स्वच्छता शिक्षा | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको पाँच कक्षाभन्दा माथि महिनावारी स्वच्छता व्यवस्थापन पठन पाठन गर्ने गरीएको | विद्यार्थीहरूको व्यावहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरूको व्यक्तिगत सरसफाइ र स्वच्छता व्यवहार (समूहमा हात धुने, व्यक्तिगत सरसफाइ र शौचालयको सरसफाइ गर्ने का आधारमा अङ्क दिने पद्धतिको अवलम्बन गरीएको |
| ७ | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | सेनिटरी प्याड व्यवस्थापनका लागि छात्रा शौचालयहरूमा ढकनसहितको डस्टबिन राखिएको | आकस्मिक अवस्थाका लागि सहज सेनिटरी प्याडको व्यवस्था र प्रयोग गरीएका प्याडहरूको सुरक्षित बिसर्जन गर्ने गरीएको | छात्राहरूले पुन प्रयोग गर्ने सेनिटरी प्याड तयार गर्ने सीप सिकी वा स्वस्थकर प्याड प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता सुविधाहरू सञ्चालनमा रहेका |
| ८ | संस्थागत व्यवस्था र दिगोपना | बाल क्लब र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको | विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समावेश भएको | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरूको व्यवस्था भएको र नियमित रूपमा तालिका अनुसार शौचालय, धारा र हातधुने ठाउँको सरसफाइ गर्ने गरीएको |
| ९ | विपत जोखिम व्यवस्थापन | शिक्षक तथा बालबालिकाहरूलाई विपत जोखिम न्यूनीकरण सम्बन्धमा क्षमता विकास गरीएको | खानेपानी, सरसफाइ तथा स्वच्छता समेतको विपत पूर्व तयारी र प्रतिकार्य योजना तयार गरीएको र जोखिम नक्साङ्कन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको | खानेपानी तथा सरसफाइका संरचनाहरू नेपाल सरकारको स्वीकृत मापदण्ड (विपद जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको |
| १० | अनुगमन तथा जवाफदेहिता | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको निगरानीमा दैनिक रूपमा | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको सहजीकरणमा खानेपानी, |

| | | | | |
|---|---|---|---|---|
| | | स्वच्छताका लागि सम्पर्क शिक्षक (महिलालाई प्राथमिकता) को व्यवस्था गरीएको | शौचालयको सफाइ र साबुन पानीले हात धुने गरीएको | सरसफाइ तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोस्टर , सूचना तथा जानकारीमूलक सामग्री र सेनिटरी प्याड) को स्थापना गरीएको |

**बिद्यालय खानेपानी,सरसफाइ तथा स्वच्छता उपलब्धिलाई मुल्यांकन गरी स्तरीकरण गर्न देहाय बमोजिमका सूचकहरूको आधारमा तारा पद्धति बमोजिम वर्गीकरण गरिनेछ ।**

एक, दुई र तीन तारामध्ये पूरा भएकोमा चिन्ह (√) र नभएकोमा चिन्ह (x) लगाउनुपर्नेछ । एक ताराका सबै सूचक पूरा गरेपछि “एक तारा” तोक्न सकिने छ र एवम् रीतले एक तारा र दुई ताराका सबै सूचक पूरा गरेपछि “दुई तारा” र एक तारा, दुई तारा र तीन ताराका सबै सूचक पूरा गरेपछि “तीन तारा” तोक्न सकिनेछ ।

## १०.३ स्वास्थ्य संस्थामा प्रयोग गरीने अनुगमन फाराम

**स्वास्थ्य संस्थाहरूको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी अनुगमन फाराम**

| | | | |
|---|---|---|---|
| संस्थाको नाम | | स्वास्थ्य संस्थाको प्रकार | |
| पालिकाको नाम | | टोल | | वडा नं | |

| क्षेत्र | | सूचकहरू | निरिक्षण मिति | निरिक्षण मिति | निरिक्षण मिति |
|---|---|---|---|---|---|
| | | | सुचकगत स्थिति | सुचकगत स्थिति | सुचकगत स्थिति |
| चर्पी संख्या तथा सरसफाइको अवस्था | चर्पी छ वा छैन | | | | |
| | छ भने प्यान संख्या | पूरुषको लागि | | | |
| | | महिला को लागि | | | |
| | | महिला पूरुष दुबै को लागि | | | |
| | महिला र पूरुषका लागि छुट्टै चर्पी छ वा छैन | | | | |
| | महिला चर्पीमा स्यानीटरी प्याड फाल्न मिल्ने ब्यवस्था छ वा छैन | | | | |
| | प्रयोग भएको छ वा छैन | | | | |
| | चर्पि सफा छन वा छैनन् | | | | |
| | सरसफाइ सामग्री छ वा छैन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | चर्पीमा पानीको उपलब्धता (छ वा छैन) | | | | |
| साबुन पानीले हात धुने सुविधाको व्यवस्था | समुह हातधुने सुविधा निश्चित स्थान (छ वा छैन) | | | | |
| | पानीको उपलब्धता (छ वा छैन) | | | | |
| | साबुनको उपलब्धता (छ वा छैन) | | | | |
| | जोखिमपुर्ण समयमा साबुन पानीले हात धुने बानी छ वा छैन | | | | |
| संस्थामा खानेपानीको अवस्था | संस्था हाता भित्र खानेपानीको व्यवस्था छ वा छैन | | | | |
| | खानेपानीको शुद्धिकरण (१ फिल्टर, २ कोलोरिन प्रयोग, ३ सोडयस, वा ४ अन्य विधि) | | | | |
| | खानेपानी निर्माण भएको तर बिग्रिएको छ भने मर्मत गर्नु पर्ने के हो । | | | | |
| | खानेपानी को सम्भावना के छ ? | हाल सम्म पनि खानेपानीको व्यवस्था वा धारा निर्माण नभएको | | | |
| | | पानीको श्रोतको पहिचान भएको छ वा छैन | | | |
| | | संस्था देखी पानीको मुहान सम्मको अनुमानीत दुरी (मीटर) | | | |
| | | पानीको श्रोत नभएको भए बैकल्पीक श्रोत के होला? | | | |
| वातावरणिय सरसफाइ | वार्डहरूमा फोहरको सेग्रिगेसन गर्ने गरीएको छ वा छैन | | | | |
| | ठोस फोहरको सुरक्षित संकलन तथा व्यवस्थापन छ वा छैन | | | | |
| | तरल फोहरको सुरक्षित संकलन तथा व्यवस्थापन छ वा छैन | | | | |
| | प्लासेन्टा पिट व्यवस्था भएको वा नभएको | | | | |
| | फोहर जलाउन इन्सीनेटरको व्यवस्था भएको वा नभएको | | | | |
| | कार्यालय हाता नजिक खूला दिसा देखिएको छ वा छैन | | | | |
| संस्थागत विवरण | सरसफाइ फोकल कर्मचारी तोकिएको छ वा छैन | | | | |
| | खानेपानी तथा सरसफाइ सुधार कार्य योजना रहेको | | | | |
| | सरसफाइ आचारसंहिता छ वा छैन | | | | |
| | सरसफाइ कार्यक्रम तथा अभियान संचालन छ वा छैन | | | | |
| | | कर्मचारी संख्या | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| अपांगता मैत्री वातावरण | फरक शारिरीक क्षमता भएका संख्या | सेवाग्राही संख्या | | | |
| | शौचालयमा र्‍याम/रेलिगंको व्यवस्था छ | | | | |
| | सेवा क्षेत्र खुला दिसामुक्त घोषणा भएका | | | | |
| | सेवा क्षेत्रको जोखिम नक्सांकन | | | | |

## १०.४ कार्यालय तहमा प्रयोग गरीने अनुगमन फाराम

**कार्यालय तथा संस्थाहरूको ध्ब्क्ज सम्बन्धी अनुगमन फाराम**

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यालय वा संस्थाको नाम | | | | संस्थाको प्रकार | |
| पालिका | **स.न.पा.** | | टोल | | वडा नं |

| | | | | | |
|---|---|---|---|---|---|
| कर्मचारी संख्याः | | म : | | पू : | |

| क्षेत्र | | सूचकहरू | निरिक्षण मिति | निरिक्षण मिति | निरिक्षण मिति |
|---|---|---|---|---|---|
| | | | सुचकगत स्थिति | सुचकगत स्थिति | सुचकगत स्थिति |
| चर्पी संख्या तथा सरसफाइ अवस्था | चर्पी छ वा छैन | | | | |
| | छ भने प्यान संख्या | पुरुषको लागि | | | |
| | | महिला को लागि | | | |
| | | महिला पूरुष दुबै को लागि | | | |
| | यूरिनल संख्या | | | | |
| | महिला र पुरुषका लागि छुट्टै चर्पी छ वा छैन | | | | |
| | महिला चर्पीमा स्यानीटरी प्याड फाल्न मिल्ने व्यवस्था छ वा छैन | | | | |
| | प्रयोग भएको छ वा छैन | | | | |
| | चर्पि सफा छ वा छैन | | | | |
| | सरसफाइ सामग्री छ वा छैन | | | | |
| | चर्पीमा पानीको उपलब्धता (छ वा छैन) | | | | |
| साबुन पानीले हात धुने | समुह हातधुने सुविधा निश्चित स्थान (छ वा छैन) | | | | |
| | पानीको उपलब्धता (छ वा छैन) | | | | |
| | छ भने पानी आउने धारा संख्या | | | | |

| | | | | |
|---|---|---|---|---|
| सुविधाको व्यवस्था | साबुनको उपलब्धता (छ वा छैन) | | | |
| | जोखिमपुर्ण समयमा साबुन पानीले हात धुने बानी छ वा छैन | | | |
| संस्था वा कार्यालय मा खानेपानीको अवस्था | कार्यालयमा खानेपानीको व्यवस्था छ वा छैन | | | |
| | खानेपानीको व्यवस्था छ भने शुद्धिकरण गरीएको छ वा छैन | | | |
| | खानेपानीको शुद्धिकरण (१ फिल्टर, २ कोलोरिन प्रयोग, ३ सोडयस, वा ४ अन्य विधि) कसरी भएको छ | | | |
| वातावरणिय सरसफाइ | ठोस फोहरको उचित संकलन तथा व्यवस्थापन भएको छ वा छैन | | | |
| | तरल फोहरको उचित संकलन तथा व्यवस्थापन भएको छ वा छैन | | | |
| | कार्यालय परिसर र कोठाहरू सफा रहेको छ वा छैन | | | |
| | कर्यालय परिसरमा फूल बृक्ष तथा फूलबारी छ वा छैन | | | |
| | कार्यालय हाता भित्र खुला दिसा देखिएको छ वा छैन | | | |
| संस्थागत विवरण | सरसफाइ तथा स्वच्छता फोकल ब्यक्ति छ वा छैन | | | |
| | सरसफाइ सुधार कार्य योजना निर्माण छ वा छैन | | | |
| | मर्मत संभार तथा ब्यवस्थापन स्थिति राम्रो छ वा छैन | | | |
| | सरसफाइ आचारसंहिता छ वा छैन | | | |
| | सरसफाइ सम्बन्धी कार्यक्रम तथा बजेट छ वा छैन | | | |
| अपांगता मैत्री वातावरण | फरक शारिरीक क्षमता भएका संख्या — कर्मचारी संख्या | | | |
| | फरक शारिरीक क्षमता भएका संख्या — सेवाग्राही संख्या | | | |
| | शौचालयमा र्‍याम/रेलिगंको ब्यवस्था छ वा छैन | | | |
| | कार्यालय अपांगतामेत्री सुविधायुक्त छ वा छैन | | | |

## १०.५ होटल,रेष्टुरा,चिया पसलहरू प्रयोग गरीने अनुगमन फाराम

| क्रसं | सूचकहरू | अंकभार (१००) | छ/छैन होटल रेष्टुरा चियाखाजा पसलको नाम | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| **क) चर्पीको प्रयोग** | | २० | | | | | |
| १ | पर्याप्त मात्रामा सुरक्षित शौचालय भएको | ४ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | शौचालयमा सफा गर्ने सामग्रीहरू र पानी राख्ने र भिक्ने भाडो भएको | ३ | | | | | |
| ३ | चर्पी प्रयोगपछि हात धुनका लागि साबुन पानीको सहज व्यवस्था भएको । | ३ | | | | | |
| ४ | चर्पीको प्यान र त्यस वरिपरि दिसा नदेखिएको, प्यान सफा रहेको | ३ | | | | | |
| ५ | दिसा संकलन ट्यांकी वरपर दिसाजन्य लेदो बाहिर नदेखिएको । | ३ | | | | | |
| ६ | चर्पी प्रयोगकर्ता (बालबालिका, अपाङ्गता, लैगिंक,अशक्तता),महिनावारी मैत्री भएको । | ४ | | | | | |
| **ख) व्यक्तिगत सरसफाइ** | | २५ | | | | | |
| १ | हात धुने स्टेशन ( वहु धारा, बेसिनहरू, टुटी भएको भाडो) भएको, साबुन, तौलिया सहितको | ५ | | | | | |
| २ | चर्पीको प्रयोग गरीसकेपछि, बच्चाको दिसा धोईसकेपछि साबुन पानीले हात धुने बानी भएको । | ३ | | | | | |
| ३ | खाना बनाउनु एवं पस्कनु, खानु र खुवाउनु अघि साबुन पानीले हात धुने गरेको । | ३ | | | | | |
| ४ | फोहोर वस्तु छोएपछि साबुन पानीले हात धुने गरेको । | २ | | | | | |
| ५ | महिनावारी स्वच्छता सम्बन्धी ज्ञान र सुरक्षित अभ्यास भएको । | ३ | | | | | |
| ६ | स्यानेटरी प्याडको उपयुक्त व्यवस्थापन गर्ने गरेको । | ४ | | | | | |
| ७ | नियमित रूपमा नुहाउने, दाँत माझ्ने, नङ्ग काट्ने, सफा कपडा लगाउने गरेको | ५ | | | | | |
| **ग) सुरक्षित पानीमा पहुँच तथा प्रयोग** | | १५ | | | | | |
| १ | शुद्ध पानीको सुरक्षित भण्डारण वा प्रयोग गर्ने भाँडा सफा तथा छोपेर राखेको । | ४ | | | | | |
| २ | पानी शुद्धिकरण विधिहरू (उमाल्ने, फिल्टर गर्ने, क्लोरिन प्रयोग गर्ने, सोडिस गर्ने) को प्रयोग गरी सेवाग्राहीलाई समेत शुद्ध पानी दिने गरेको | ५ | | | | | |
| ३ | छोपेको इनार, प्लेटफर्म सहितको हेण्डपम्प, सुरक्षित मुहान, खानेपानी सुरक्षा योजना लागु भएको खानेपानी प्रणालीको पानी प्रयोग गर्ने गरेको । | ३ | | | | | |
| ४ | कम्तीमा राष्ट्रिय मापदण्डले तोके बमोजिम न्यूनतम पानीको मात्रा उपलब्धता रहेको ( ४५ लि.प्रति व्यक्ति प्रति दिन) | ३ | | | | | |
| **घ) सुरक्षित खानाको प्रयोग** | | २० | | | | | |
| १ | खानेकुराको सुरक्षित भण्डारण (खानेकुराहरू सधैं छोपेर राख्ने, उपयुक्त तापक्रममा संरक्षण गर्ने) गरेको । | ५ | | | | | |
| २ | भान्साकोठा सफा रहेको, पकाउने तथा खाजा खाना खाने भाँडा उचित तरिकाले सरसफाइ गर्ने गरेको । | ५ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सुरक्षित खानेकुराहरू (राम्ररी पाकेको, काँचै खाने खानेकुरालाई सुरक्षित पानीले राम्ररी धोएको, बासी नभएको, नसडेको, नगलेको, झिंगा नभन्केको) खाने तथा बेच्ने गरेको | ५ | | | | | |
| ४ | खानेकुरालाई झिंगा किरा, धुलो आदिबाट बचाउन आवश्यक पहल गरेको - जालीले छोपेका, भान्सामा जाली लगाएको ...) | ५ | | | | | |
| **ङ) सफा स्वच्छ होटल रेष्टुरा...** | | २० | | | | | |
| १ | भवन भित्र र बाहिरको सधै सफाई गर्ने गरेको । | ३ | | | | | |
| २ | घरबाट निस्किने फोहरमैलालाई वर्गिकरण (कुहिने, नकुहिने) गरी व्यवस्थापन गर्ने गरेको । | ३ | | | | | |
| ३ | घरबाट निस्किने फोहरपानीको उचित व्यवस्थापन गर्ने गरेको । | ३ | | | | | |
| ४ | सुधारिएको चुल्हो, बायो ग्याँस/एल.पी ग्याँस चुल्हो, विद्युतीय चुल्हो आदिको प्रयोग गर्ने गरेको । | ३ | | | | | |
| ५ | भान्सा कोठामा क्रस भेन्टीलेशनको व्यवस्था भएको । | २ | | | | | |
| ६ | जुठेल्नो, चाङ (आवश्यकतानुसार( र किचन र्याकको व्यवस्था भएको । | ३ | | | | | |
| ७ | फूल बिरुवा रोपेर आर्कषक हरियाली वातावरण बनाइएको | ३ | | | | | |

## अनुसूची १२ : वडाबाट नगरपालिकामा पेश गर्ने मासिक प्रगति प्रतिबेदन फारामको नमुना

शितगंगा नगरपालीका, अर्घाखाँची

वडा नं :    घरसंख्या :    जम्मा टोल संख्या :    विद्यालय संख्या :    कार्यालय संख्या

**वडाको पूर्ण सरसफाइ सम्बन्धी मासिक प्रगति विवरण**

| क.स. | सूचकको नाम | सर्वेक्षणको अवस्था | मासिक प्रगति | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| १ | सुरक्षित चर्पी प्रयोग गर्ने घरसंख्या | | | | | | | | |
| २ | चर्पी स्तरोन्नती तथा मर्मत संभार गर्ने घरसंख्या ( छाना, ढोका, खाडल थप्ने, प्यान फेर्ने, बार बनाउने) | | | | | | | | |
| ३ | हात धुने स्थान र साबुन भएका घरसंख्या | | | | | | | | |
| ४ | हात धुने स्थान र साबुन भएका विद्यालय संख्या | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | महिनावारीमैत्री सुविधा भएका विद्यालय संख्या | | | | | | | | |
| ६ | सरसफाइ स्रोत केन्द्र स्थापना भएका विद्यालय संख्या | | | | | | | | |
| ७ | पूर्ण सरसफाइ नमुना बन्दै गरेका समुदाय संख्या | | | | | | | | |
| ८ | पूर्ण सरसफाइ उन्मुख घोषणा भएका समुदाय संख्या | | | | | | | | |
| ९ | खानेपानी पहुँच भएका घरसंख्या | | | | | | | | |
| १० | पानी सुद्धिकरण गरी पिउने घरसंख्या | | | | | | | | |
| ११ | फिल्टर प्रयोग गर्ने घरसंख्या | | | | | | | | |
| १२ | भाडा माझ्ने जुठ्यान बनाएका घरसंख्या | | | | | | | | |
| १३ | भाडा सुकाउने चाङ्ग बनाएका घरसंख्या | | | | | | | | |
| १४ | ट्युववेलमा प्लेटफर्म भएका घरसंख्या | | | | | | | | |
| १५ | ठोस फोहोर व्यवस्थापन गर्ने घरसंख्या | | | | | | | | |
| १६ | खेर जाने पानी व्यवस्थापन गर्ने घरसंख्या | | | | | | | | |
| १७ | करेसाबारी भएका घरसंख्या | | | | | | | | |
| १८ | सुधारिएको चुल्हो प्रयोग गर्ने घरसंख्या | | | | | | | | |
| १९ | सरसफाइ कोष स्थापना भएका टोल,सम्दाय संख्या | | | | | | | | |
| २० | सरसफाइ स्रोत केन्द्र स्थापना भएका टोल,समुदाय संख्या | | | | | | | | |
| २१ | हालसम्म सञ्चालन भएका तालिम, गोष्ठि,अभिमुखीकरण कार्यक्रम संख्या | | | | | | | | |
| २२ | हालसम्म तालिममा सहभागी भएका संख्या | | | | | | | | |
| २३ | हालसम्म भएका बैठक संख्या ( वडा, टोल गरी) | | | | | | | | |
| २४ | सरसफाइ र स्वच्छता सामाग्री उपलब्ध गराउने पसल,उद्योग व्यवसायी संख्या | | | | | | | | |
| २५ | ठोस फोहोर ल्याण्डफिल साइटमा पठाउने घरसंख्या | | | | | | | | |
| | अन्यः | | | | | | | | |

## अनुसूचि १३ . शितगंगा नगरपालीकाको पूर्ण सरसफाइ आचारसंहिता

### . शितगंगा नगरपालिकाको सरसफाइ आचारसंहिता,२०७७

सुरक्षित खानेपानी र सरसफाइ हरेक नागरीकको मौलिक हक अधिकार भएकोप्रति गर्व गर्दै सामूहिक प्रयासमा नै सामाजिक तथा आर्थिक विकास गर्न संभव हुने भएकाले नगरपालिकाको समग्र विकासको आधार पूर्ण सरसफाइ अभियानमा हामी सम्पूर्ण नगरबासी तथा सरोकारवालाहरूले आफ्नो कर्तव्य तथा दायित्व निर्वाह गर्नु पर्ने जिम्मेवारी आएको छ ।

**नगरपालिका वासीहरूका लागि :**

- नयाँ बन्ने घरमा सवैले अनिवार्य सुरक्षित शौचालय निर्माण गर्नुपर्नेछ । आवश्यकतानुसार चर्पीको मर्मतसंभार,स्तरोन्नती गर्ने,चर्पीमा मात्रै दिसापिसाव गर्ने, चर्पी सधै सफा राख्ने,बच्चाको दिसा चर्पीमा विर्सजन गर्ने गर्नु पर्नेछ । खुला ठाउँमा दिसापिसाब गर्न पाईने छैन ।

- व्यक्तिगत सरसफाइ कायम गर्नु, दिसापिसाब तथा फोहोरमैला छोएपछि, खाना पकाउनु, खानु र खुवाउनु अघि सधै सावुनपानीले हात धुने र बच्चाहरूलाई पनि सिकाइ यसलाई संस्कारको रूपमा विकास गर्नु सवैको दायित्व हुनेछ ।

- किशोरी तथा महिलाहरू महिनावारी हुनुलाई प्राकृतिक प्रकयाको रूपमा लिई व्यक्तिगत सरसफाइ, प्याडको समूचित प्रयोग र व्यवस्थापन सम्बन्धी स्वस्थकर अभ्यास गर्नु सम्बन्धित पक्षको दायित्व हुनेछ ।

- खानेपानीको स्रोतको सरसफाइ, पानी शुद्धीकरण तथा सुरक्षित भण्डारण र प्रयोग गर्ने सवैको कर्तब्य र दायित्व हुनेछ ।

- सफा ताजा पोषणयुक्त खानेकुराहरू राम्ररी धोएर, पकाएर खानु वा खुवाउनु सबैको कर्तव्य र दायित्व हुनेछ ।

- प्लास्टिक जन्य फोहोरहरू (प्लास्टिकको झोला, बिस्कुट, चाउचाउ, सीसा, रबर, कपडा, घासपात, चकलेटका खोलहरू आदि) लगायत अन्य आफ्नो घरवाट निस्कने फोहरहरूको आफैले व्यवस्थापन गर्नु पर्नेछ, जथाभावी फाल्न पाइने छैन ।

- आ-आफ्नो घर वरिपरिका सार्वजनिक स्थलहरू मठ, मन्दिर, पार्क, धारा, चौतारो, गुम्वा,धाम र वाटोघाटो आदिलाई नियमित सफा राख्न सवैले सहयोग र सहभागिता जनाउनु पर्नेछ ।

**कार्यालय र संघसंस्थाहरूका लागि :**

- सम्पूर्ण सरकारी, गैरसरकारी कार्यालयहरूले आफ्नो कार्यालय परिसरको फोहोरमैला व्यवस्थापन, सेवाग्राहीका लागि सुरक्षित पिउने पानी र शौचालय प्रयोगको सुविधा उपलब्ध गराउनु पर्नेछ ।
- साथै शौचालयमा पर्याप्त पानी, हात धुने साबुन, तौलियाको उपलब्धता र नियमित सरसफाइ भएको हुनु पर्नेछ भने महिला शौचालयमा प्याड फाल्ने डष्टबिन राखेको हुनु पर्नेछ ।

- पूर्ण सरसफाइ अभियानसँग सम्बन्धित सरोकारवाला निकायहरूले कार्यालयमा सन्देशमूलक सामग्रीहरू सबैले देखिने गरी राख्नु पर्ने छ ।

**घरधनी, जग्गाधनी, उद्योगपति, ब्यबसायी र ब्यापारीका लागि**

- विभिन्न उद्देश्य र प्रयोजनकालागि भाडामा दिने घर धनी, जग्गाधनी, उद्योग व्यवसायिहरू तथा व्यापारीहरूले ग्राहक, सेवाग्राही कामदार संख्याको अनुपातमा आवश्यकता अनुसार आफ्नो जग्गामा शौचालय सुविधा उपलब्ध गराउनु पर्दछ ।

- सडक छेउ किनारामा व्यापार व्यवसाय गरी बस्ने व्यक्तिहरूले ग्राहकको संख्या अनुसार आवश्यक शौचालयको निर्माण आफैले गर्नु पर्नेछ ।

- भाडामा दिएको घर, कलकारखाना, उद्योग, ब्यापार ब्यवसायबाट निस्केको सबै प्रकारका प्रदुषण जन्य र मानब स्वास्थ्यमा प्रतिकुल असर गर्ने फोहोर मैलाहरूको उचित ब्यवस्थापन गर्ने जिम्मा सम्बन्धित ब्यक्ति, संस्था र ब्यवसायीको नै हुनेछ ।

- जिल्ला भित्र र बाहिरका छोटो तथा लामो दूरीमा चल्ने नीजी तथा सार्वजनिक सवारी साधनहरूले जंगल वा खुल्ला क्षेत्रमा गाडी रोकी दिसापिसाब गराउन निषेध गरीएकोले होटलको शौचालय, पेट्रोल पम्पको शौचालय तथा सार्वजनिक शौचालयमा मात्र दिसापिसाब गराउनु पर्नेछ ।

**बिद्यालयका लागिः**

- प्रत्येक विद्यालयले आफ्ना विद्यालयका सबै विद्यार्थीहरूको लागि उपर्यूक्त लैंङ्गिक मैत्री र प्रर्याप्त मात्रामा पानीको ब्यबस्था सहितको शौचालयको ब्यबस्था गर्नु पर्नेछ । विद्यालयमा सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्दछ।

- विद्यालयवाट निस्कने सबै प्रकारका फोहोरहरूको उचित ब्यवस्थापन विद्यालय स्वयंले गर्नु पर्नेछ ।

- विद्यालयले आफ्नो सेवाक्षेत्रका घर तथा समुदायहरूको नियमित अनुगमन् गरी सधै खुला दिसामुक्त वातावरण कायम राख्न सहयोग गर्नु पर्नेछ ।

- विद्यालयको अतिरिक्त क्रियाकलापहरूमा सरसफाइ प्रवर्द्घन अभियानलाई प्राथमिकतामा राख्नुपर्नेछ ।

**समुदायमा आधारित संघ संस्थाहरू**

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह, बड्घरहरूले सरसफाइ सम्बन्धी सचेतना फैलाउने काम निरन्तर गरीरहने ।

- खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति,बचत तथा ऋण सहकारी आदिले सरसफाइ सम्बन्धी कार्यक्रमहरूमा सक्दो सहयोग गर्ने ।

- आमा समूह र स्थानिय क्लबहरू लगायत अन्य संगठनहरूले नियमित कार्यक्रमहरूमा सरसफाइको समीक्षा गर्ने ।

- राजनितिक दलहरूले सरसफाइलाई प्राथमिकतामा राखेर कार्यकर्ताहरूलाई पनि प्रोत्साहित गर्ने ।

- संचारकर्मीहरूले संचार माध्यमहरूमा सरसफाइलाई विशेष प्राथमिकतामा राखेर सन्देश प्रवाह गर्ने ।

- सरसफाइ ट्रिगरर, च्याम्पियन र कमाण्डरहरूले आफ्नो उत्प्रेरकको भूमिका निरन्तर निर्वाह गर्ने ।

## अनुसूचि १४ : शितगंगा नगरपालीकाको पूर्ण सरसफाइ प्रतिबद्धता,२०७७

१. खानेपानी,सरसफाइ तथा स्वच्छता योजनाले अगिंकार गरेको निती बमोजिम सबै वडाहरूमा २०७७ माघ भित्र वास योजना तयार गरी कार्यान्वयनमा लैजाने छौं ।

२. पूर्ण सरसफाइ अभियानमा आफ्नो कार्ययोजना कार्यान्वयनका लागि नगरपालिका तथा वडाहरूले प्राथमिकताका साथ जग स्रोतका रूपमा आफ्नै बजेट बिनियोजन गरी अन्य तहमा संभावित अन्य आर्थिक, भौतिक र मानवीय स्रोतलाइ व्यापक परिचालन गर्ने छौं ।

३. घर,बिद्यालय,कार्यालय,होटल, टोल र नगरलाइ सफा र स्वच्छ /पूर्ण सरसफाइ उन्मुख घोषणा गर्दै, वडा र नगरपालिका लाई पूर्ण सरसफाइ उन्मुख घोषणा गर्ने छौं ।

४. ठोस तथा तरल फोहोरमैलाको उचित व्यवस्थापनका लागि श्रोतमै फोहोर कम गर्ने, पुनः प्रयोग गर्ने, पुन चक्रण गर्ने, जस्ता प्रविधिहरूको अवलम्बन गर्नेछौं । सहरी सरसफाइमा अनुकुल नीतिगत वातावरण तयार गरी सार्वजानिक तथा निजी क्षेत्रको साझेदारी प्रवर्द्धन मार्फत ठोस र तरल फोहोरमैला ब्यवस्थापनको लागि थप श्रोत साधन जुटाउन सहकार्य गर्ने छौं ।

५. सार्वजनिक शौचालय निर्माण तथा सञ्चालनमा सार्वजनिक नीजि साझेदारी पद्दतिको अवलम्बन गरी, संचालन तथा व्यवस्थापनको सुनिष्चितता र आवश्यक श्रोतको व्यवस्था गरी आवश्यक स्थानमा शौचालय निर्माण र संचालन गर्नेछौ ।

६. सुरक्षित खानेपानी सेवाको पहुँच सबैमा पुऱ्याउन आवश्यक श्रोतको पहिचान एवं व्यवस्था गर्ने र संचालित सबै खानेपानी संरचनामा पानी सुरक्षा योजना लागु गर्ने छौं ।

७. जिल्लाका सबै सरकारी निकाय, गैरसरकारी संघ संस्था तथा राजनीतिक दलहरूले सञ्चालन गर्ने तालिम तथा प्रशिक्षणहरूमा पूर्ण सरसफाइको विषयलाई प्राथमिकताका साथ समावेश गर्नेछौं ।

८. पूर्ण सरसफाइ अभियानका क्रियाकलापहरूलाई हरियाली विकास, आय आर्जन, साक्षरता, स्वास्थ्य, गरीबी निवारण,पोषण र पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरूसँग एकिकृत गरी सरसफाइमा दिगोपना कायम गर्ने छौं ।

९. पूर्ण सरसफाइ अभियानमा बिशेष योगदान पुऱ्याउने ब्यक्ति तथा विभिन्न संघ संस्थालाई सम्मान र कदर गर्ने छौं ।

१०. खुला दिसामुक्त, पूर्ण खोप र पूर्ण साक्षरता सम्बन्धी प्राप्त उपलब्धिहरूलाई संस्थागत र बिस्तार गर्दै उपलब्धिको दायरालाई अझ फराकिलो र ब्यापक बनाउन प्लाष्टिक झोला रहित, सुधारिएको चुलो एवम् जुवातास, मद्यपान, धुम्रपान रहित, अध्यारो मुक्त, समुदाय निर्माणमा सहयोग गर्ने छौं ।

११. पूर्ण सरसफाइ अभियानमा राज्यका सुरक्षा लगायत सवै निकाय, सबै समूह संस्थाहरू, यातायात व्यवसायी/उधोग बाणिज्य संस्थाहरू, सञ्चार क्षेत्र, सहकारी एवम् वित्तीय निकायहरू, होटल ब्यवसायीहरू र स्थानीय तहमा रहेका औपचारिक र अनौपचारिक संघसंस्था तथा समूहहरूसँग सहकार्य तथा साझेदारी गर्नेछौं ।

१२. पूर्ण सरसफाइ अभियानलाई प्रभावकारी बनाउन कार्यक्रमको पारदर्शिता कायम गर्न, गुणस्तर कायम गर्न नियमित बैठक, समीक्षा तथा अनुगमन तथा मुल्यांकन पद्धतिलाई चुस्त दुरुस्त बनाउनेछौ ।

१३. खुला दिसामुक्त घोषणा अभियानमा जस्तै पूर्णसरसफाइ अभियानमा पनि उत्साह, उल्लास र उमङगको वातावरण सिर्जना गर्दै पूर्ण सरसफाइ अभियानलाई व्यापकता दिन सरोकारवालाहरूले स्थानीय तहमा

उपयुक्त हुने खालका शिक्षाप्रद,सचेतनामूलक तथा व्यवहार परिवर्तन गर्ने खालका कृयाकलापहरूलाइ निरन्तरता दिदै जानेछौ ।

१४. पूर्ण सरसफाइ प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धिमूलक सामग्रीहरू (IEC Materials) तयार पार्दा, सचेतनामूलक तथा खोजमूलक सामग्रीहरू प्रकाशन तथा प्रसारण गर्नु पर्दा स्थानीय भाषालाई प्राथमिकता दिई अभियानको सहजीकरण गर्ने निकायहरू बीच समभ्रूदारीपत्र सहित समन्वय र सहकार्य गर्नेछौ ।

१५. विपदको बखतमा सम्वन्धित समन्वय समितिहरूसग सहकार्यमा खानेपानी तथा सरसफाइसंग सम्वन्धित सामग्रीहरू उपलब्ध गराई प्रभावित व्यक्तिहरूलाइ आवश्यक सहयोग पुऱ्याउने छौं ।

१६. पूर्ण सरसफाइ अभियानबाट व्यक्ति, घर, टोल, बजार सबै क्षेत्रलाइ सफा, स्वच्छ र सुन्दर बनाउदै शितगंगा नगरपालिकाको पर्यटन र समग्र आर्थिक तथा सामाजिक विकासलाई उच्चतहमा पुऱ्याउनेछौं ।

# शितगंगा नगरपालिकामा भएका खानेपानी तथा सरसफाइ कार्यक्रम केही झलकहरू






























# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

Email:sitgangamunicipality@gmail.com website: www.shitagangamun.gov.np